श्रोतः अभियान, २०७३/४/८

# २०३० सम्ममा विद्युत् माग १० हजार मेगावाट पुग्ने

सन् २०३० (विसं २०८७ तिर)सम्म मुलुकको कुल ऊर्जाको माग दश हजार मेगावाट हुने देखिएको छ । राष्ट्रिय योजना आयोगले गरेको अध्ययनले प्रतिवर्ष कुल २० प्रतिशतको दरले ऊर्जाको माग बढ्दै जाने र सो अवधिसम्म माग उच्च विन्दुमा पुगेर दश हजार मेगावाट पुग्ने देखिएको हो । सरकारले योजना आयोगका उपाध्यक्ष डा युवराज खतिवडाको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय समितिले विद्युत् मागको अवस्था अनुमान गरेको हो ।
लगानी बोर्डको शुक्रबारको बैठकले सो प्रतिवेदन पारित गरेको हो । बैठकले उच्चस्तरीय समितिले पेस गरेको प्रतिवेदन स्वीकार गरी सुझाव कार्यान्वयनका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक प्रक्रिया शुरु गरिने निर्णय भएको बोर्डले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । यस्तै बैठकले बोर्ड मार्फत कार्यान्वयनका क्रममा रहेका जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रक्रियागत समय सीमा घटाई द्रुत मार्ग अपनाउन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियासँगसँगै वन क्षेत्रको जग्गा प्रयोग गर्ने प्रक्रिया पनि समानान्तर रुपमा अगाडि बढाउने र त्यसको सहजीकरणका लागि वन तथा भूसंरक्षण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको बोर्डका उपसचिव खगेन्द्र रिजालले जानकारी दिए ।

यस्तै बोर्ड अन्तर्गत कार्यान्वयनमा रहेको माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत् आयोजनाको आयोजनास्थलको पहुँचमार्ग, सुरुङ मार्ग निर्माण गर्ने प्रक्रियामा सहजीकरण गर्न पनि सरोकार भएका निकायलाई निर्देशन दिइएको छ । ठूला आयोजनालाई आवश्यक पर्ने जग्गाका सन्दर्भमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको २०६८ माघ १६ मा नेपाल राजपत्रमा प्रकाशित हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश बमोजिम जग्गाको हदबन्दी हटाउन मन्त्रिपरिषद्ले निर्णय गर्ने उल्लेख छ ।
यस्तै आयोजनास्थलसम्म आउन जान र सामग्री ढुवानी गर्न सहजीकरण गर्ने निर्णय समेत बैठकले गरेको उपसचिव रिजालले जानकारी दिए । भारतीय लगानीकर्ताले अगाडि बढाएको माथिल्लो कर्णाली र अरुण तेस्रो आयोजनाका लागि निर्माण सामग्री ढुवानीमा केही समस्या आएको भन्ने गुनासोपछि बोर्डले उक्त निर्णय गरेको हो । रासस

श्रोतः राजधानी दैनिक, २०७३/४/९

# २०३० मा विद्युत् माग १० हजार मेगावाट पुग्ने

सन् २०३० सम्म मुलुकको कुल ऊर्जाको माग १० हजार मेगावाट हुने देखिएको छ । राष्ट्रिय योजना आयोगले गरेको अध्ययनले प्रतिवर्ष कुल २० प्रतिशतको दरले ऊर्जाको माग बढ्दै जाने र सो अवधिसम्म माग उच्च बिन्दुमा पुगेर १० हजार मेगावाट पुग्ने देखिएको हो ।

सरकारले योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडाको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय समितिले विद्युत् मागको अवस्था अनुमान गरेको हो । लगानी बोर्डको बैठकले सो प्रतिवेदन पारित गरेको हो । बैठकले उच्चस्तरीय समितिले पेस गरेको प्रतिवेदन स्वीकार गरी सुझाव कार्यान्वयनका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक प्रक्रिया सुरु गरिने निर्णय भएको बोर्डले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यस्तै, बैठकले बोर्डमार्फत कार्यान्वयनका क्रममा रहेका जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनमा प्रक्रियागत समय सीमा घटाई द्रुत मार्ग अपनाउन र वातावरणीय प्रभाव मूल्यांकन प्रक्रियासँगसँगै वन क्षेत्रको जग्गा प्रयोग गर्ने प्रक्रिया पनि समानान्तर रूपमा अगाडि बढाउने र त्यसको सहजीकरणका लागि वन तथा भूसंरक्षण मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको बोर्डका उपसचिव खगेन्द्र रिजालले जानकारी दिए ।

यस्तै बोर्डअन्तर्गत कार्यान्वयनमा रहेको माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत् आयोजनाको आयोजनास्थलको पहुँचमार्ग, सुरुङ मार्ग निर्माण गर्ने प्रक्रियामा सहजीकरण गर्न पनि सरोकार भएका निकायलाई निर्देशन दिइएको छ । ठूला आयोजनालाई आवश्यक पर्ने जग्गाका सन्दर्भमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको ०६८ माघ १६ मा नेपाल राजपत्रमा प्रकाशित हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेशबमोजिम जग्गाको हदबन्दी हटाउन मन्त्रिपरिषद्ले निर्णय गर्ने उल्लेख छ ।

यस्तै, आयोजनास्थलसम्म आउन जान र सामग्री ढुवानी गर्न सहजीकरण गर्ने निर्णयसमेत बैठकले गरेको उपसचिव रिजालले जानकारी दिए । भारतीय लगानीकर्ताले अगाडि बढाएको माथिल्लो कर्णाली र अरुण तेस्रो आयोजनाका लागि निर्माण सामग्री ढुवानीमा केही समस्या आएको भन्ने गुनासोपछि बोर्डले सो निर्णय गरेको हो ।

श्रोतः नागरीक, २०७३/४/९

# 'दबाबमा' बूढीगण्डकी ठेक्का प्रक्रिया

बाह्र सय मेगावाटको बूढीगण्डकी जलाशय आयोजना निर्माण गर्न दुई चिनियाँ कम्पनीले प्रस्ताव पेस गरे पनि सरकारले एउटाको प्रस्ताव अघि बढाएको पत्ता लागेको छ। कम्पनी, स्थानीय व्यक्ति तथा निकायको प्रभावमा सरकारले एउटाको मात्र प्रक्रिया अघि बढाएको हो।

चाइना गेजुबा ग्रुप कर्पोरेसन (सिजिजिसी) र पावर चाइना इन्टरनेसनल ग्रुप लिमिटेडले इपिसिएफ (इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन र फाइनान्स) मोडलमा आयोजना निर्माण गर्न प्रस्ताव पेस गरेको खुलेको छ। प्रस्ताव दर्ता गरेका कम्पनीबीच प्रतिस्पर्धा गराउनुपर्ने अन्तर्राष्ट्रिय मान्यता लत्याएर सिजिजिसीको प्रस्तावमात्र अघि बढाइएको ऊर्जा मन्त्रालय स्रोतले जानकारी दियो।

'सिनो हाइड्रो कम्पनी' को नाममा नेपालसहित विश्वमा जलविद्युत तथा अन्य पूर्वाधार आयोजना निर्माण गरेको पावर चाइनाले २०७२ चैत ९ मा पूर्वउपप्रधान तथा ऊर्जा मन्त्री टोपबहादुर रायमाझीलाई उद्धृत गर्दै प्रस्ताव पेस गरेको थियो। तर, यो प्रस्ताव लुकाएर अर्को कम्पनीलाई दिने गरी प्रक्रिया अघि बढाएको मन्त्रालय स्रोतले बतायो। पावर चाइनाको प्रस्तावमा अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई बोदार्थ दिएर गत चैतमा ऊर्जा मन्त्रालयमा बुझाएको उल्लेख छ। प्रस्तावमा भनिएको छ– 'हाम्रा विज्ञले आयोजनास्थल भ्रमण गरी ड्याम निर्माणको अवस्था अवलोकन गरेका छन्। विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) कै आधारमा 'डबल आर्क ड्याम' निर्माण गर्न कम्पनी तयार छ। हाम्रो विगतको कार्यानुभवले पनि बूढीगण्डकी निर्माण गर्न सकिन्छ।'

आयोजना बनाउन सक्ने वा नसक्नेबारे नेपाल सरकारलाई थप जानकारी वा कागजात आवश्यक परे पेस गर्न तयार रहेको पनि प्रस्तावमा उल्लेख छ। जलविद्युत तथा पूर्वाधार आयोजना बनाउने इपिसिएफ मोडल विकसित देशमा अभ्यासमा आइसकेको छ। तर, नेपालमा हालसम्म लगानीसमेत गर्ने गरी एउटै ठेकेदारलाई आयोजना जिम्मा दिइएको छैन।

'यो मोडल निर्माणका लागि विश्वमा राम्रो मानिए पनि काम चलाउ अवस्थामा पुगेको सरकारले अन्तर्राष्ट्रिय प्रतिस्पर्धा नै नगराई दिन खोज्नु गलत हो,' एक सरकारी अधिकारीले भने, 'कानुनी प्रक्रिया मिचेर मन्त्रिपरिषद लैजाने प्रक्रियाले सरकारमाथि नै शंका गर्नुपर्ने अवस्था देखिएको छ।'

नेपालमा दुवै चिनियाँ कम्पनीको 'ट्र्याक रेकर्ड' राम्रो छैन। नेपालमा यसअघि सिँचाइ, सडकलगायत ६ आयोजना निर्माण गरेको सिनो हाइड्रोको दाबी छ। तर, उसले निर्माण गरेको १४ मेगावाटको कुलेखानी तेस्रो अहिले रुग्ण अवस्थामा छ। सिभिल र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल ठेकेदारकै कारण कुलेखानीमा प्रभावकारी काम हुन सकेको छैन।

सिनो हाइड्रोले नै निर्माण गरिरहेको ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीको कामको प्रगति भने सकारात्मक छ। दुवैले नेपालमा गरेको कामको 'रेकर्ड' गलत देखिए पनि दुवैबीच प्रतिस्पर्धा नगराई एक कम्पनीलाई दिन खोज्नुमा केपी शर्मा ओली सरकारको नियत गलत देखिन्छ।

सिजिजिसीले २०६२ पुसदेखि चमेलियाको काम सुरु गरे पनि अहिलेसम्म पूरा भएको छैन। यस्तै, अहिले माथिल्लो त्रिशूलीको निर्माण ठप्प छ। निर्माणक्रममा सरकारबाट भएका कमी कमजोरीमा ठेकेदार र यसका एजेन्टले चलखेल गर्दै आएका छन्। एजेन्टै चलखेलका कारण पनि ठेकेदारले काम रोकेर विवाद सिर्जना गर्ने गरेको छ।

सिजिजिसीले इपिसी कन्ट्र्याक्ट (निर्माणका सबै पक्षको जिम्मा) मोडलमा माथिल्लो त्रिशूलीको ठेक्का पाएको थियो। यो मोडलअनुसार आयोजनाको लागत, क्षमता र अवधि बढाउन पाइँदैन तर ठेकेदार र एजेन्टकै भरमा क्षमता ९० मेगावाट पुर्‍याउने खेल भएको थियो। त्यतिबेला प्राधिकरण र राजनीतिक पार्टी क्षमता बढाउने र नबढाउने कित्तामा बाँडिएका थिए। यही कारणले यो आयोजनाको निर्माण अवधि झन्डै दुई वर्ष पछाडि धकेलिएको छ। भूकम्पपछि रोकिएको आयोजनाको निर्माण अनिश्चित बनेको छ।
यसैगरी, प्राधिकरणले २०७१ मंसिरमा १ सय ८० मेगावाटको आँधीखोला जलाशय आयोजना पनि बिनाप्रतिस्पर्धा सोही कम्पनीलाई दिने तयारी गरेको थियो। तर, यसको व्यापक विरोध भएपछि तत्काल रोकिएको थियो। राधा ज्ञवालीले ऊर्जा मन्त्रालय सम्हालेपछि पुनः सोही कम्पनीलाई यो आयोजना दिन लबिङ भएको थियो। आधा दर्जन प्रसारण लाइनको ठेक्कामा एजेन्टको भूमिका खेलेका व्यक्ति तथा निकायमार्फत चिनियाँ कम्पनीले बूढीगण्डकी हात पार्न खोजेको मन्त्रालयका अधिकारी बताउँछन्।
करिब ३ खर्ब रुपैयाँ लागत अनुमान गरिएको बूढीगण्डकीको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) को अन्तिम काम फ्रान्सको ट्र्याक्टबेल इन्जिनियरिङ कम्पनीले गरेको छ। ट्र्याक्टबेलको अध्ययनले आयोजनाबाट भौतिक र आर्थिकरुपले करिब ३८ हजार व्यक्तिमात्र (करिब ८ हजार घर) प्रभावित हुने अनुमान छ। धादिङ र गोरखा जिल्लाका प्रभावित २७ गाविसका सर्वसाधारणको पुनर्बास गराउनुपर्ने अध्ययनमा छ।

श्रोतः बाह्रखरी डटकम, २०७३/४/१०

# नेपालले पञ्चेश्वरबाट पर्याप्त पानी उपयोग गर्न नसक्ने

*बाबुराम खड्का*

पञ्चेश्वर बहुद्देश्यीय परियोजना निर्माण भएमा नेपालले महाकाली नदीबाट पाउने पानी पूरै उपयोग गर्न नसक्ने देखिएको छ । महाकाली सन्धीले पानी, बिजुली र लगानी आधा–आधा भने पनि नेपालतर्फ सिँचाइ गर्ने भूमि कम भएपछि यस्तो अवस्था आउने देखिएको हो ।

नेपालतर्फ कैलाली र कञ्चनपुर गरी कुल ९३ हजार हेक्टरमा मात्र सिँचाइ हुने देखिएको छ । बार्दिया र कैलाली सिमाना कर्णाली चिसापानीमा रानीजमरा–कुलरिया सिँचाइ आयोजना निर्माणाधीन अवस्थामा रहेकाले कैलालीमा महाकालीको पानी आवश्यक पर्ने दखिँदैन ।

उता, भारततर्फ भने १६ लाख हेक्टर जमिन सिञ्चित हुने देखिएको छ । नेपालले परियोजनाको बाँधबाट आधा पानी पाउने भए पनि सिँचाइ गर्ने जमिन नभएपछि यस्तो समस्या देखिएको हो ।

नेपालले आधा पानी उपयोग गर्न नसक्ने पञ्चेश्वर विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) महेन्द्रबहादुर गुरुङ बताउँछन् । पानीलगायत अन्य मुद्दा उठाउँदा परियोजना नै समस्यामा पर्ने भएकाले मिलाएर जानुपर्ने अहिलेको आवश्यकता भएको उनको भनाइ छ । आयोजनाबाट दुवै देशले लाभ पाउनुपर्ने गुरुङ बताउँछन् ।

महाकाली सन्धीअनुसार दुवै देशले बिजुली आधा–आधा पाउने, लाभ प्राप्तिका आधारमा लगानी गर्ने र महाकालीमा बाँध बनेपछि पानी उपयोगमा पहिलो प्राथमिकता नेपालले पाउने उल्लेख छ । तर, सिँचाइ हुने जमिन नै नभएपछि सन्धीअनुसार पाउने पानीको उपयोग नेपालले गर्न नसक्ने अवस्था आएको हो ।

परियोजनाबाट ५ हजार ४० मेगावाट बिजुली उत्पादन हुने परामर्शदाता वापकोर्स इन्डिया लिमिटेडले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) ले देखाएको छ । आयोजनाबाट नेपालले २ हजार ५ सय २० मेगावाट बिजुली पाउनेछ । वापकोर्सले तयार गरेको पछिल्लो डीपीआरले पञ्चेश्वर परियोजनाबाट ४ हजार ८ सय मेगावाट र रूपालीगाडमा बन्ने रिरेगुलेटिङ बाँधबाट २ सय ४० मेगावाट विद्युत् उत्पादन हुने देखाएको छ । आयोजना बनाउन ५ खर्ब रुपैयाँ लाग्नेछ भने वार्षिक १२ अर्ब २० करोड युनिट बिजुली उत्पादन हुनेछ । डीपीआरले आयोजनाको लागत प्रतिमेगावाट ९ करोड ९२ लाख रुपैयाँ लाग्ने देखाएको छ । यसअघि तयार गरिएको डीपीआरले आयोजनाको जडित क्षमता ६ हजार ४ सय ८० मेगावाट हुने र वार्षिक वार्षिक १२ अर्ब ३३ करोड ३० लाख युनिट बिजुली उत्पादन हुने देखाएको थियो ।

डीपीआरलाई आगामी अक्टोबरसम्ममा अन्तिम निष्कर्ष दिने दुई देशका अधिकारीबीच सहमति भएको छ । दुवै देशले डीपीआर स्वीकार गरेपछि मात्र परियोजनाको काम अघि बढ्नेछ ।

महाकाली सन्धी सन् १९९६ फेब्रुअरी १२ मा भएको थियो । यो सन्धीलाई तत्कालीन प्रतिनिधिसभाले समेत अनुमोदन गरेको थियो । सन्धीअनुसार पानी र बिजुली दुवै देशले आधा–आधा पाउनेछन् । पञ्चेश्वर नेपालको दार्चुला, बैतडी र डडेलधुरामा पर्छ ।

श्रोतः कारोबार, २०७३/४/११

## बुढीगण्डकी प्रभावितलाई मुआब्जा वितरण गर्न आग्रह

बूढीगण्डकी जलविद्युत् आयोजना डुबान क्षेत्रको जग्गाको मुआब्जा निर्धारण आवश्यक प्रक्रिया पुर्याएर वितरण गर्न बूढीगण्डकी जलविद्युत् आयोजना राष्ट्रिय सरोकार समितिले आग्रह गरेको छ ।

समितिले पुनर्वास तथा पुनःस्थापनाको ढाँचा नबन्दै स्थानीय प्रशासनले डुबान क्षेत्रका बासिन्दासँग समन्वय नगरी मुआब्जा तोक्न लागेको भन्दै त्यसो गरिए मान्य नहुने जनाएको छ ।

समितिका अध्यक्ष हरेराम ढकालले आज विज्ञप्ति जारी गर्दै सरकारले चालु आवको बजेट वक्तव्यमा मुआब्जा वितरणलगायतका प्रशासनिक कार्य गर्न अधिकार सम्पन्न छुट्टै निकाय गठन गर्ने उल्लेख भएकाले सोही अनुसार काम गर्न आग्रह गरेका छन् ।

कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजनाबाट गोरखाका १४ र धादिङका १३ गाविसका बासिन्दा प्रभावित हुनेछन् । समितिले जिल्ला प्रशासन कार्यालय धादिङ र गोरखाले मुआब्जाको दर तय गरेको सूचनाले प्रभावित क्षेत्रका जनतालाई आक्रोशित बनाएको र स्थानीय सरोकार समिति र संवद्ध पक्षसँग छलफल गरेर मात्रै आवश्यक प्रक्रिया अगाडि बढाउन आग्रह गरेको छ ।

गोरखा भूकम्पका कारण हालसम्म घरबार बिहीन भएका स्थानीयवासीलाई सुरक्षित आवासको प्रबन्ध गर्न र त्यसका लागि उपयुक्त ढाँचा चाँडै तयार गरी अनुदान रकम वितरण गर्न पुनःनिर्माण प्राधिकरणलाई आग्रह गरिएको छ ।

प्राधिकरणले केही समय पहिले प्रभावित क्षेत्रका बासिन्दालाई अस्थायी आवास बनाउन दिने गरी तत्काल दुई लाख रकम उपलब्ध गराउने निर्णय गरेपनि हालसम्म प्रक्रिया सुरु हुन सकेको छैन ।

फ्रान्सको ट्याक्टवेल कम्पनीले तयार पारेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन सही भए नभएको विज्ञमार्फत पुनः जाँच गर्न, आयोजनाको आवश्यक प्रक्रिया छिटो अगाडि बढाउन आग्रह गर्दै समितिले परियोजना अगाडि बढाउन प्रमुख राजनीतिक दलको तर्फबाट सामूहिक प्रतिवद्धता जनाउनुपर्नेमा समेत जोड दिएको छ ।

समितिले आयोजना सरकार र नेपालीको लगानीमा नै निर्माण गर्नुपर्नेमा कुनै विदेशी ठेकेदार कम्पनीलाई दिएर लामो समयसम्म अल्झाइ राख्ने प्रवृत्ति देखिएकाले त्यसो नगर्न र गरिए त्यसबाट उत्पन्न हुने परिणामको जिम्मेवारी संबद्ध पक्षले लिनुपर्ने जनाएको छ ।

आयोजना प्रभावित क्षेत्रको जग्गा हाल किनबेचमा रोक लगाइएकाले बैंक तथा वित्तीय संस्थामा धितो राख्न नपाइने, शिक्षा दिक्षा, उपचारका लागि ठूलो रकम आवश्यक पर्दा रकम नपाउने अवस्था रहेको भन्दै समितिले डुबान क्षेत्रका लागि विशेष कोष निर्माण गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई अप्ठ्यारो परेको बेला सहज रुपमा रकम उपलब्ध गराउने व्यवस्था गर्न समत आग्रह गरेको छ । रासस

श्रोतः कारोबार, २०७३/४/११

# आधा दर्जन कम्पनी कागजमा

*लक्ष्मण वियोगी*

तीन वर्षभित्र ऊर्जा संकट अन्त्य गर्ने लक्ष्यलाई मूर्त रूप दिन स्थापना गर्ने भनिएका झन्डै आधा दर्जन कम्पनी गठनको काम अहिलेसम्म सकिएको छैन । ऊर्जा मन्त्रालयको ढिलासुस्ती तथा सरोकारवाला निकायबीच समन्वय नहुँदा कम्पनी गठन नभएका हुन् ।

सरकारले संकट निवारणकाल घोषणा पाँच महिना नाघिसकेको छ । २०७२ फागुन ४ गते मन्त्रिपरिषदबाट 'राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना, २०७२' पास भएको थियो । कार्ययोजनामा प्राधिकरण होल्डिङ कम्पनी एक वर्षमा र बाँकी कम्पनी ३ महिनाभित्र गठन गरेर काम अघि बढाउने उल्लेख छ ।

नेपाल विद्युत प्राधिकरण टुक्र्याएर उत्पादन, प्रसारण र वितरण कम्पनी बनाउने तथा आवश्यकताअनुसार प्राधिकरणका होल्डिङ कम्पनी स्थापना गर्ने उल्लेख छ । यस्तै, नेपाल–भारतबीच विद्युत व्यापार गर्न विद्युत व्यापार तथा सरकारी परामर्श कम्पनी खोल्नेसमेत उल्लेख छ तर तिनको काम पनि पनि अहिलेसम्म सुरु हुन सकेको छैन ।

**गठन गर्ने भनिएका कम्पनी**

विद्युत उत्पादन कम्पनी

विद्युत प्रसारण कम्पनी

विद्युत वितरण कम्पनी

विद्युत व्यापार कम्पनी

परामर्श सेवा कम्पनी

प्राधिकरण होल्डिङ कम्पनी

मन्त्रालय र जल ऊर्जा आयोगबीच नै समन्वय नहुँदा कम्पनी गठन प्रक्रिया अलपत्र छ । ऊर्जा सचिव सुमनप्रसाद शर्माले भने आवश्यक समिति गठन गरेर काम भइरहेको बताउँदै आएका छन् । काम गर्ने आवश्यक जनशक्ति अभाव र काम गर्ने लामो प्रक्रियाका कारण पनि लक्ष्यअनुसार काम हुन नसकेको मन्त्रालयका सहप्रवक्ता गोकर्णराज पन्थले बताए ।

मन्त्रालयले २०७१ चैतमै प्रसारण कम्पनी गठन गरेको थियो तर यसमा प्राधिकरण नसमेटिएका कारण कार्यान्वयनमा आउन सकेको छैन । संटक निवारण कार्ययोजनाको ४५औं बुँदामा प्राधिकरणको तर्फबाट निर्देशक खटाइएपछि व्यवस्थापन समूहले पूर्णता पाउने उल्लेख छ । दुवै निकायले अडान लिएकाले व्यवस्थापन समूह पूर्णहुन नसकेको मन्त्रालयकै अधिकारी बताउँछन् ।

सबै कम्पनी गठनको जिम्मेवारी मन्त्रालयको भए पनि प्राधिकरण र अन्य निकायसँग समन्वय गरेर काम गर्ने वातावरण बन्न सकेको छैन । मन्त्रिपरिषदको कार्यालयलाई यसको अनुगमन र ताकेता गर्ने जिम्मेवारी तोकिएको छ तर उसलेसमेत प्रभावकारी काम गर्न सकेको छैन । कार्यालयले पाँच महिनासम्म 'जिम्मेवार निकायबाट कम्पनी स्थापन गर्न सहयोग माग भएमा आवश्यक सहयोग गर्ने' भन्दै जिम्मेवारी पन्छाएको छ ।

मन्त्रालय र प्राधिकरणबीच समन्वय नहुँदा पनि अधिकांश काम रोकिएको देखिएको छ । उत्पादन, प्रसारण वा वितरण कम्पनी स्थापनाको प्रक्रियामा प्राधिकरणले सहयोग नगरेको मन्त्रालयका अधिकारी बताउँछन् । प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने सरकारले अघि बढाएको काममा सहयोग पु¥याइरहेको दाबी गरे ।
‘मन्त्रालयले दिएका निर्देशन तथा नीतिगत काममा कहिल्यै असहयोग भएको छैन, भविष्यमा पनि हुँदैन,’ उनले नागरिकसँग भने, ‘नयाँ कम्पनी गठन हुँदा यहाँका कर्मचारी तथा प्राविधिक व्यवस्थापनबारे पर्याप्त छलफल हुन जरुरी छ, प्राधिकरणका कुरा पनि सुनिदिनुपर्छ भन्ने गुनासोमात्र हो ।’ मन्त्रालयले प्रसारण कम्पनी खोल्दा पर्याप्त छलफल नगरेको प्राधिकरण अधिकारीको गुनासो छ । यो कम्पनी स्थापना गर्दा मन्त्रालयले प्राधिकरणलाई समावेश गरेको छैन ।
मन्त्रालय कानुन महाशाखा प्रमुख कोशलचन्द्र सुवेदीले भने प्राधिकरणसँगको सहकार्यमा विद्युत व्यापार र विद्युत उत्पादन कम्पनीको काम अन्तिम चरणमा पुगेको बताए । ‘उत्पादन कम्पनीको काम करिब सकिएको छ, अर्को साता मन्त्रिपरिषदमा पेस हुन्छ,’ उनले सोमबार नागरिकसँग भने, ‘साउनभित्र कम्पनीले पूर्णता पाउँछ ।’ उनका अनुसार उत्पादन कम्पनीमा ऊर्जा, अर्थ, कानुन, प्राधिकरणको स्वामित्व हुनेछ ।
विद्युत व्यापार कम्पनीको काम पनि अन्तिम चरणमा पुगेको सुवेदीले जानकारी दिए । उनका अनुसार भदौसम्म कम्पनी गठनको प्रक्रिया पूरा हुन्छ । नेपालले मात्र कम्पनी गठन गरेर बिजुली भारत बेच्न सजिलो नरहेको उनको तर्क छ । ‘भारत र बंगलादेशलाई रणनीतिक साझेदार बनाएर कम्पनी गठन गर्न सके प्रभावकारी हुन सक्छ,’ उनले भने, ‘हाम्रो बिजुलीको बजार भारत हो, उसको समन्वय आवश्यक पर्छ, भारत पनि ‘स्ट्राटेजिक पार्टनर’ भयो भने व्यापार गर्न सजिलो हुन्छ । यसो हुँदा भविष्यमा बंगलादेशसम्म नेपालको बिजुली पु¥याउन सकिने सुवेदीको धारणा छ ।
संकट निवारण कार्ययोजनाको बुँदा ९३ मा ३ महिनाभित्र सरकारी तहमा नै एउटा सशक्त र स्रोत साधनयुक्त परामर्शदाता कम्पनी खडा गर्ने उल्लेख छ । तर, कार्ययोजना आएको पाँच महिनासम्म यसको कागजी कामसमेत सुरु भएको छैन । कम्पनी खडा गरी जलविद्युत र अन्य पूर्वाधारको अध्ययन अनुसन्धान गर्न र उपलब्ध जनशक्ति दक्ष बनाउँदै परामर्श सेवामा आत्मनिर्भर हुने लक्ष्य राखिएको छ । कम्पनीमा प्राधिकरणमका जनशक्ति, संरचना तथा सम्पत्ति समावेश गर्नेसमेत उल्लेख छ ।
मन्त्रिपरिषदले कार्ययोजना कार्यान्वयन, सहजिकरण तथा अनुगमन गर्न समिति गठन गरेर १५÷१५ दिनमा सम्बन्धित निकायसँग छलफल गर्ने गरेको जानकारी दिएको छ । तर, यसको परिणाम देखिएको छैन । संसदको कृषि तथा जलस्रोत समितिले कार्ययोजना कार्यान्वयन गर्न पटक–पटक ताकेता गरे पनि ऊर्जा मन्त्रालयले त्यसको पालना गरेको छैन ।

श्रोतः कारोबार, २०७३/४/११

# ऊर्जा र यातायातमा अमेरिकी लगानी

अमेरिकाले नेपालको ऊर्जा र यातायात क्षेत्रमा लगानी सुरु गरेको छ । अमेरिकी सरकारले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत ऊर्जा र यातायात क्षेत्रमा लगानी सुरु गरेको हो ।

राष्ट्रिय योजना आयोगको मातहतमा रहने गरी नेपाल सरकार र एमसीसीको संयुक्त पहलमा गठन गरिएको अफिस अफ द मिलेनियम च्यालेन्ज नेपाल (ओएमसीएन) मार्फत योजनाहरूको सम्भाव्यता अध्ययन अघि बढाइएको छ ।

अमेरिकाले दुवै क्षेत्रका योजना छनोटका लागि १ अर्ब रुपैयाँ लगानी गर्नेबारे अर्थ मन्त्रालय र एमसीसीबीच सम्झौता भइसकेको छ । "अमेरिकाले नेपालको ऊर्जा र यातायात क्षेत्रमा लगानी सुरु गरेको छ, पहिलो चरणको लगानी सुरु भएको छ," ओएमसीएनका निमित्त संयोजक तुलसी सिटौलाले भने, "हामीले यी दुवै क्षेत्रका विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन गरिरहेका छौं, आगामी फ्रेबुरअरीभित्र अध्ययन सम्पन्न गर्नेछौं ।"

अध्ययनमा आकर्षक देखिएका योजनाहरूमा अमेरिकी सरकारले अनुदानको रूपमा लगानी गर्नेछ । हाल ऊर्जातर्फ ४ सय केभीको नाङ्लेभारे–काठमाडौं–नौबिसे हुँदै हेटौंडा तथा सोही क्षमताको दमौली–बुटवल प्रसारण लाइनको सम्भाव्यता अध्ययन ओएमसीएनले अघि बढाएको छ ।

यस्तै, यातायाततर्फ झण्डै २ हजार किलोमिटर बराबरका विभिन्न सडकहरूको मर्मत तथा पुनःस्थापनाका लागि समेत संभाव्यता अध्ययन अघि बढाएको छ । निमित्त संयोजक सिटौला २ सय किलोमिटरसम्मको सडक निर्माण गर्न सक्ने अवस्था रहेको सोहीअनुसार आयोजनाको छनोट भइरहेको बताउँछन् ।

आकर्षक आयोजनाहरू पहिचान गरी सोही आधारमा अमेरिका सरकारले न्यूनतम ३० अर्बभन्दा बढी लगानी गर्नेछ । आकर्षक योजनाहरू छनोट भने अर्थमन्त्रीको अध्यक्षतामा सरोकारवाला निकायका प्रतिनिधि र विज्ञ सम्मिलित समितिले गर्नेछ ।

आयोजना पहिचान भएपछि अनिवार्य रूपमा ५ वर्षभित्र निर्माण पूरा गर्नुपर्नेछ । आयोजनाको समयावधि बढेमा बाँकी फिर्ता लाने अनिवार्य सर्त एमसीसीको छ । यसले नेपालमा धेरै विकासे आयोजनाहरूमा देखिएको लागत र समय दुवै बढ्ने सम्भावना कम देखिएको छ ।

आर्थिक विकासमार्फत गरिबी निवारण गर्ने उद्देश्यसहित विस्तृत अध्ययन सम्पन्न गरेपछिको आयोजनाहरूमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपालमार्फत लगानी गरिने ओएमसीएनले जनाएको छ । पाँच वर्षभित्र पूरा हुने, २५–३० प्रतिशत आर्थिक लाभ दिने, वातावरण र सामाजिक रूपमा कम जोखिमपूर्ण, सञ्चालन वा मर्मत सम्भारमा निजी क्षेत्र संलग्नताको सम्भावना र लैंगिक विकास लगायतलाई मापदण्डको रूपमा लिइएको छ ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत सुनसरीको पकलीदेखि झापाको काँकडभिट्टासम्मको १ सय १० किलोमिटर बाटोलाई कम्तीमा प्रतिघन्टा ६० किलोमिटर गुड्न सक्ने चार ल्यान्ड मोटरबाटो तथा सिद्धार्थ राजमार्गअन्तर्गतको बुटबलदेखि पोखरासम्मको सडकलाई पर्यटकीय विकासलाई लक्ष्य गरी स्तरोन्नति, कमजोर गुणस्तर भएका ९२ किलोमिटर अमिलिया–तुलसीपुर–सल्यान, ६० किलोमिटरको सिलगुढी–साँफेबगर लगायतका सडकबारे अध्ययन अघि बढाएको छ ।

श्रोतः कारोबार, २०७३/४/११

# डेढ दशकमा साढे १६ हजार मेगावाट विद्युत् चाहिने



आर्थिक वृद्धि र विद्युत् मागको अवस्था (मेगावाटमा)

| जीडीपी वृद्धि | माग | जडित क्षमता |
|---|---|---|
| १० प्रतिशत | ९.२६२ | १६.४६५ |
| ७ प्रतिशत | ७.२८९ | १२.९४७ |
| ५ प्रतिशत | ६.३५८ | ११.३०२ |

स्रोत: लगानी बोर्ड

भीम गौतम

काठमाडौं, ११ साउन ।आउँदो डेढ दशकमा नेपालले विद्युत्को जडित क्षमता साढे १६ हजार मेगावाट पु¥याउनुपर्ने एक अध्ययनले देखाएको छ । सन् २०३० सम्ममा विद्युत्को माग ९ हजार २६२ मेगावाट पुग्ने र त्यसका लागि १६ हजार ४६५ मेगावाटबराबरको विद्युत् उत्पादन गर्नुपर्ने अध्ययनको निचोड छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडाको संयोजकत्वमा राष्ट्रिय ऊर्जा माग तथा आपूर्तिका लागि सम्भाव्य विकल्पसम्बन्धी अध्ययन गर्न गठित समितिले दिएको प्रतिवेदनमा ठूलो परिमाणमा विद्युत् आवश्यक पर्ने देखिएको हो ।

सोही प्रतिवेदनका आधारमा नेपाल लगानी बोर्डले गरेको प्रक्षेपणमा १० प्रतिशत कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिका लागि प्राविधिक र अप्राविधिक प्रणाली चुहावट साविकको २५ प्रतिशत हुँदा यो परिमाणमा उत्पादन गर्नुपर्ने देखिएको हो ।

कुनै जलविद्युत् प्लान्टहरू अस्कमात बिग्रेमा, मर्मत गर्नुपरेमा, माग अप्रत्यासित घटबढ भएमा त्यसको व्यवस्थापनका लागि भण्डारणसमेत गर्नुपर्ने आवश्यकतालाई विश्लेषण गरेर यस्तो प्रक्षेपण गरिएको बोर्डले जनाएको छ । १५ देखि २५ प्रतिशतसम्म विद्युत् भण्डारण गर्नुपर्ने आवश्यकता प्रक्षेपणमा औंल्याइएको छ ।

हाल मुलुकको जडित विद्युत् क्षमता ७८० मेगावाट छ भने माग १४ सय मेगावाट छ । नेपाल विद्युत् प्राधिकरणले गरेको प्रक्षेपणमा भने आगामी १५ वर्षमा विद्युत्को माग ४ हजार ६१४ मेगावाट पुग्नेछ । हाल घरायसीदेखि उद्योग व्यवसायमा पनि विद्युत् उपयोग भइरहेकोमा ग्यास र पेट्रोलियम पदार्थको आयातलाई न्यूनीकरण गरेर विद्युत्को बहुउपयोगमा अध्ययनले जोड दिएको छ ।

औद्योगिक तथा व्यावसायिक क्षेत्रमा पूर्ण विद्युत्को उपयोग, मुख्य ढुवानीमा प्रयोग हुँदै आएको डिजेल, पेट्रोलको विस्थापनका साथै विद्युतीय ठूला यातायात, केबलकार, रेल, ट्रलीलगायत सञ्चालनलाई जोड दिएर प्रक्षेपण

गरिएको लगानी बोर्डका प्रवक्ता रवि भट्टराईले जानकारी दिए । "जीडीपी वृद्धिको आधारमा विद्युत् जडित क्षमता र माग निर्धारण गरिएको हो," उनले भने ।

लगानी बोर्डले पारित गरेर कार्यान्वयनका लागि आवश्यक नीति, योजना तथा कार्यक्रम तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरेको छ । अब विद्युत्को सोही प्रक्षेपणमा आधारित भएर आयोगले नीति तथा कार्यक्रम अघि बढाउनेछ ।

आर्थिक वृद्धिदर ५, ७ र १० प्रतिशतलाई आधार मान्दै तथा प्रणाली चुहावट २५, २० र १६ प्रतिशतलाई आधार मानेर प्रक्षेपण गरिएको छ । प्रतिवेदनअनुसार १० प्रतिशत जीडीपी वृद्धि हुँदा विद्युत्को माग ९ हजार २६२ मेगावाट पुगेर २० प्रतिशत प्रणाली चुहावट हुँदा १५ हजार ५२२ मेगावाटसम्म र १६ प्रतिशत चुहावट हुँदा १४ हजार ७०२ मेगावाटसम्म जडित क्षमता हुनुपर्ने उल्लेख छ ।

त्यस्तै, ७ प्रतिशत आर्थिक वृद्धि हुँदा वास्तविक माग ७ हजार २८९ मेगावाट पुग्नेछ । यसका लागि २५ प्रतिशत चुहावट हुँदा जडित क्षमता १२ हजार ९४७ मेगावाट हुनुपर्नेछ भने २० प्रतिशत चुहावट हुँदा १२ हजार २०६ मेगावाट र १६ प्रतिशत चुहावट हुँदा ११ हजार ५६० मेगावाटसम्म जडित क्षमता पुग्नुपर्ने उल्लेख छ ।

५ प्रतिशत वृद्धि हुँदा माग ६ हजार ३५८ मेगावाट विद्युत् माग पुगेर २५ प्रतिशत चुहावट हुँदा ११ हजार ३०२ मेगावाट, २० प्रतिशत हुँदा १० हजार ६५५ मेगावाट र १६ प्रतिशत चुहावट हुँदा १० हजार ९२ मेगावाट विद्युत् जडित क्षमता पु¥याउनुपर्ने उल्लेख छ ।

प्रतिवेदनमा विद्युत्को उपयोग गरेर नेपालको जीडीपी दर बढाउन सक्ने उल्लेख गर्दै विद्युत् उत्पादन र उपयोगमा जोड दिइएको छ । हाल नेपालमा ऊर्जाका लागि भारतबाट मात्र १ खर्बभन्दा बढीको पेट्रोलियम पदार्थको आयात हुने गरेको छ । प्रतिवेदनले पेट्रोलियम प्रतिस्थापन गरेर जलविद्युत्  उपयोगमा जोड दिएको छ ।

श्रोतः अभियान, २०७३/४/११

# जलविद्युत् आयोजनाबाट प्राप्त रोयल्टी वितरण प्रक्रियाको तयारी

सरकारले जलविद्युत् आयोजनाबाट प्राप्त भएको रोयल्टी वितरणको प्रक्रिया केही दिनभित्रै शुरु गर्ने भएको छ । जलविद्युत् आयोजना भएका जिल्लालाई प्राथमिकतामा राखेर सरकारले आव २०७१/७२ को जलविद्युत् रोयल्टी वितरणको प्रक्रिया शुरु गर्न लागिएको हो । विद्युत् विकास विभागले नेपाल विद्युत् प्राधिकरणका आयोजना, निजी क्षेत्रका आयोजनाले उपलब्ध गराउने रकमका आधारमा रोयल्टी वितरण गर्न रू. ५७ करोड छुट्याएको छ ।

विभागले आव २०७०/७१ मा धनुषाको लागि दिन बाँकी रहेको रू. एक करोड र रोल्पाको रू. १८ लाख उपलब्ध गराउने जनाएको छ । विभागले आव २०६९/७० मा रू. एक अर्ब ३९ करोड ७२ लाख ५८ हजार रोयल्टी वितरण गरेको थियो । कुल ६६ जिविसलाई २०७१ साल पुस २० गते रोयल्टी वितरण गरेको थियो । सो अवधिमा सबैभन्दा बढी गोरखालाई रू. १० करोड ६७ लाख, मकवानपुरलाई रू. सात करोड ८१ लाख, सिन्धुपाल्चोकलाई रू. पाँच करोड ५८ लाख, लम्जुङलाई रू. पाँच करोड ७८ लाख, तनहुँलाई रू. छ करोड ५९ लाख तथा ललितपुर, काभ्रेपलाञ्चोक र भक्तपुरलाई समान रू. एक करोड रोयल्टी वितरण गरिएको थियो ।

यसैगरी धादिङले रू. दुई करोड तथा अन्य जिल्लाले न्यूनतम रू. १० लाखसम्म रोयल्टी प्राप्त गरेका थिए । समानुपातिक रुपमा जलविद्युत् आयोजना भएका र नभएका जिल्लालाई मिलाएर जिविसमार्फत रोयल्टी वितरण गरिने विभागका सिनियर डिभिजनल इन्जिनियर अरुणकुमार झाले जानकारी दिए । आयोजना भएका जिल्लाले बढी रोयल्टी प्राप्त गर्ने तर समानुपातिक रुपमा वितरण गर्दा कम बढी हुन सक्ने उनको भनाइ छ ।

विभागले आव २०७०/७१ मा ६६ जिल्लालाई रू.५० करोड तथा आव २०६६/६७ मा रू. ३९ करोड रोयल्टी वितरण गरेको थियो । आयोजनाले न्यूनतम कुल आम्दानीको दुई प्रतिशत रकम रोयल्टीका लागि छुट्याउनै पर्ने कानूनी प्रावधान छ । सोही प्रावधानअनुरुप सम्बन्धित जिविसमार्फत स्थानीयवासीलाई उक्त रोयल्टी वितरण गरिन्छ । सरकारले आयोजनाबाट उठाएको रोयल्टी विभागलाई वार्षिक कार्यक्रममार्फत उपलब्ध गराउँछ । ‘एक हप्ता भित्रै रोयल्टी वितरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउँछौं । चार निजी आयोजनाले हालसम्म रोयल्टी नबुझाउँदा समस्या आएको छ । ती आयोजनालाई आवश्यक विवरण र रकम उपलब्ध गराउन आग्रह गरेका छौं’, ईञ्जिनियर झाले भने ।

प्राधिकरणले विद्युत् खरीद गरेबापत दिने बिलमा नै रोयल्टी रकम छुट्याएर पठाउने गर्दछ । सोही बिल तथा भर्पाईका आधारमा रकम जम्मा हुने गर्छ । प्रभावितलाई सहज रुपमा रोयल्टी वितरण गर्ने प्रयत्न गरिरहेको विभागले जनाएको छ । रासस

श्रोतः अनलाइन खबर, २०७३/४/११

## हचुवाका भरमा बुढीगण्डकीको मुअब्जा तोकिएकोमा स्थानीयको विरोध

बुढीगण्डकी जलविद्युत आयोजना राष्ट्रिय सरोकार समितिले स्थानीय प्रशासनबाट हचुवाको भरमा मुअब्जा निर्धारण भइरहेको भन्दै विरोध गरेको छ ।

पुनर्वास र पुनस्र्थापनाको मोडालिटी नबन्दै र डुबान क्षेत्रका वासिन्दासँग समन्वय नै नगरी प्रशासनले हचुवाको भरमा मुआब्जा तोक्न लागेको भन्दै त्यसप्रति आफुहरुको ध्यानाकर्षण भएको सरोकार ससितिले जनाएको छ ।

सरकारले २०७३/७४ को बजेट वक्तव्यमा मुआब्जा वितरणलगायत प्रशासनिक कार्य गर्न अधिकार सम्पन्न छुट्टै निकाय गठन गर्ने उल्लेख गरेको थियो । 'यस्तो अवस्थामा यस्ता भ्रमपूर्ण गतिविधि नगर्न हामी सम्बन्धित निकायलाई आग्रह गर्दछौं,' सरोकार समितिद्धारा जारी विज्ञप्तीमा भनिएको छ ।

आयोजनाबाट गोरखाका १४ र धादिङ्का १३ गाविस डुबानमा पर्नेछन् । डुबान क्षेत्रका वासिन्दाको आवश्यकता सुरक्षित आवास नै भएको समितिको ठहर छ ।

भूकम्पका कारण घरबारबिहीन भएर टहरामा बस्न बाध्य डुबान क्षेत्रका वासिन्दालाई सुरक्षित अस्थायी आवासको उपयुक्त मोडल चाँडै तयार गरी झञ्झटरहित ढंगबाट अनुदान रकम वितरण गर्न पुनर्निर्माण प्राधिकरणलगायत सरोकारवाला निकायलाई समितिले आग्रह गरेको छ ।

त्यसैगरी, फ्रान्सको ट्याक्टवेल इन्जिनियरिङ कम्पनीले तयार पारेको बुढीगण्डकी जलविद्युत आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) सही हो वा होइन भनी विज्ञमार्फत पुन जाँच गर्न समितिले माग गरेको छ ।

यो आयोजना हाल सरकारको मातहतमा छ । सरकारले बजेटमा जेपालीकै लगानीमा आ|योजना बनाउने घोषणा गरेको थियो । स्थानीयको माग पनि स्वदेशी लगानीमै आयोजना बन्नुपर्छ भन्ने छ ।

डुबान क्षेत्रका जग्गाहरु अहिले किनबेच रोक्का गरिएको अवस्थामा डुबान क्षेत्रका लगि विशेष कोषको निर्माण गरी आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई अप्ठेरोको बेला आर्थिक सहज बनाउने व्यवस्था गर्न बुढीगण्डकी विकास समिति लगायत सरोकारवाला निकायलाई सरोकार समितिले आग्रह गरेको छ ।

श्रोतः बाह्रखरी डटकम, २०७३/४/१२

# विद्युत् उत्पादन लाइसेन्स लिने बढे

*बाबुराम खड्का*

विद्यत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) लिनेको संख्या बढेको सरकारी तथ्यांकले देखाएको छ । गत आर्थिक वर्ष ०७२÷०७३ मा मात्रै सरकारले विभिन्न निजी लगानीकर्तालाई २० आयोजनाबाट ५ सय ८४ मेगावाट बिजुली उत्पादन गर्न लाइसेन्स दिएको छ । योसमेत गरी कुल १ सय ६ आयोजना निर्माण गरी २ हजार ७ सय ७ मेगावाट बिजुली उत्पादन गर्न सार्वजनिक र निजी क्षेत्रलाई लाइसेन्स दिइएको छ । यो संख्या लगानी बोर्डबाहेकको हो । ५ सय मेगावाटभन्दा बढीका आयोजनाको लाइसेन्स लगानी बोर्डबाट पनि लिनुपर्छ ।

लाइसेन्स लिएका मध्ये आधा आयोजना निर्माणका चरणमा छन् । त्यस्तै, कतिपयले लगानी जुटाई निर्माणको तयारी गरिरहेका छन् भने केहीले प्रारम्भिक काम गरिरहेका छन् ।

गत वर्ष विद्युत् उत्पादन लाइसेन्स पाएका सबै नेपाली लगानीकर्ता हुन् । गत वर्ष नै तनहुँसेती आयोजनाबाट १ सय २७ मेगावाट विद्युत् उत्पादन गर्न तनहुँ हाइड्रोपावर लिमिटेडलाई लाइसेन्स दिइएको छ । तनहुँ नेपाल विद्युत् प्राधिकरणको सहायक संस्था हो । त्यस्तै, निजी क्षेत्रबाट ७८ मेगावाटको सान्जेन, १० मेगावाटको दरौंदीखोला, २८ मेगावटको तल्लो लिखु, ३८ मेगावाटको माथिल्लो कलङखोला, १६ मेगावाटको सिंगटीखोला, ५१ मेगावाटको लिखुखोला, ५५ मेगावाटको लिखु–दुई, ७७ मेगावाटको लिखुखोला–१, १०.७ मेगावाटको सानिगाड, ११ मेगावाटको माथिल्लो तादीखोलालगायत २९ वटा जलविद्युत् आयोजना निर्माणका लागि लाइसेन्स पाएका छन् । औसत प्रतिमेगावाट १६ करोड रुपैयाँलाई लागत मान्दा ५ सय ८४ मेगावाट क्षमताका २० आयोजना बनाउन झन्डै ९४ अर्ब रुपैयाँ लाग्ने देखिन्छ । यी आयोजना स्वदेशी लगानीमा निर्माण हुन लागेका हुन् । लाइसेन्स पाएका मध्ये अधिकांशले प्राधिकरणसँग विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए) गरिसकेका छन् भने केही प्रक्रियामा छन् । एक वर्षभित्र पीपीए र लगानी जुटाउने लगायत प्रारम्भिक काम सम्पन्न गर्ने सर्तमा सरकारले विद्युत् उत्पादनको लाइसेन्स दिँदै आएको छ । लिखुखोलामा मात्र २ सय ११ मेगावाट क्षमताका ४ आयोजा निर्माण हुँदैछन् । लिखुमा २८ देखि ७७ मेगावाट विद्युत् उत्पादन हुनेछ ।

गत वर्ष लाइसेन्स पाएका प्रवद्र्धकले यी आयोजना आगामी ६ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएका छन् । नेपाल राष्ट्र बैंकले समेत कृषि र जलविद्युत्मा लगानी सीमा १२ बाट बढाएर १५ प्रतिशत पु¥याएपछि यो क्षेत्रमा बैंकको लगानी बढ्ने सम्भावना बढेको छ । त्यस्तै, सहवित्तीयकरणअन्तर्गत कर्जा लिने सीमा ५० करोड रुपैयाँबाट बढाएर १ अर्ब रुपैयाँसम्म पु¥याइएपछि एउटै बैंकले १ अर्ब रुपैयाँसम्म आयोजनामा सिधै लगानी गर्ने बाटो खुलेको छ । गत आवमा जलविद्युत्मा मात्र विभिन्न बैंक तथा वित्तीय संस्थाको लगानी १ खर्ब रुपैयाँ पुग्ने अनुमान राष्ट्र बैंकको छ ।

३० मेगावाटको चमेलिया खोलादेखि ५ मेगावाटको पलाँखु खोलासम्म आइपुग्दा सरकारले हालसम्म १ सय ६ आयोजनाबाट २ हजार ७ सय ७ मेगावाट बिजुली उत्पादन गर्न लाइसेन्स दिएको छ । हालसम्म

सबैभन्दा ठूलो ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी बनाउन अपर तामाकोसी हाइड्रोपावर लिमिटेड, १ सय ११ मेगावाटको रसुवागढी आयोजना बनाउन रसुवागढी हाइड्रोपावर लिमिटेड, १ सय २ मेगावाटको मध्यभोटेकोसी आयोजना बनाउन मध्यभोटेकोसी हाइड्रोपावर लिमिटेड र ८६ मेगावाटको सोलु दूधकोसी आयोजना छन् ।

जलविद्युत्बाट ८०० मेगावाट उत्पादन

हालसम्म सार्वजनिक तथा निजी लगानीमा साना तथा ठूला आयोजा सम्पन्न भई प्रणालीमा ८ सय मेगावाटभन्दा बढी विद्यत् उत्पादन भएको छ । कुलेखानीबाहेक सबै आयोजना नदीको बहावमा आधारित छन् । यो अवधिमा सबैभन्दा ठूलो १ सय ४४ मेगावाटको कालिगण्डकी–ए आयोजना विद्युत् प्राधिकरण र ६० मेगावाटको खिम्ती–१ आयोजना निजी क्षेत्रबाट निर्माण भएका छन् । हालसम्म ७० र ६९ मेगावाटको मध्यमस्र्याङ्दी र मस्र्याङ्दी आयोजना विद्युत् प्राधिकरणबाट सम्पन्न भएका छन् । खिम्ती र ४५ मेगावाटको माथिल्लो भोटेकोसी आयोजना भने वैदेशिक लगानीमा सम्पन्न भएका हुन् । गत आवमा निजी लगानीबाट ७ साना आयोजना सम्पन्न भई राष्ट्रिय प्रणालीमा ३४.५ मेगावाट बिजुली उत्पादन थप भएको छ ।

श्रोतः कारोबार, २०७३/४/१२

## जलविद्युत् विकास कम्पनीले १० आयोजनामा लगानी गर्ने

जलविद्युत् लगानी तथा विकास कम्पनी (एचआईडीसीएल)ले मुलुकका विभिन्न १०विद्युत् आयोजनामा लगानी गर्ने भएको छ । यसअघि पनि १० जलविद्युत् आयोजनामा लगानी गरिसकेको कम्पनीले आगामी वर्ष सोहीबराबरका आयोजनामा लगानी गर्न लागेको हो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले १० जलविद्युत् आयोजनामा लगानीका लागि प्रक्रिया अघि बढाइएको जानकारी दिए । "८ जलविद्युत् आयोजनाको सहवित्तीयकरणका लागि प्रस्ताव आएको छ, लगानीबारे छलफल अघि बढाएका छौं," रौनियार भन्छन्, "दुई जलविद्युत् आयोजना सहायक कम्पनीमार्फत अघि बढाउन लागेका छौं ।" उनले आयोजनाको अवस्थाको आधारमा लगानीबारे निर्णय गरिने जानकारी दिए ।

कम्पनीका अनुसार कुल २९१ मेगावाटका ८जलविद्युत् आयोजनाको कुल लागत ४९ अर्ब रुपैयाँ छ । सहवित्तीयकरणका लागि कम्पनीमा प्रस्ताव गर्नेहरूमा सोलुखुम्बुमा निर्माण हुन लागेको ८६ मेगावाटको सोलु–दूधकोसी, रामेछापको ५१ मेगावाटको लिखु–१, बझाङको ३८ मेगावाटको कलानगाढ, नुवाकोटको ३७ मेगावाटको अपर त्रिशूली ३ बी, सिन्धुपाल्चोकको ३६ मेगावाटको अपर बलेफी ए, रामेछापको २४ मेगावाटको लिखु–१, सोलुखुम्बुको १८ मेगावाटको अपर सोलु र २८ मेगावाटको लोअर लिखु जलविद्युत् कम्पनी छन् । कम्पनीले रेमिट्यान्स हाइड्रो लिमिटेड नामक सहायक कम्पनी बनाएर ताप्लेजुङको ७१ दशमलव ५ मेगावाटको गुन्सा र ५३ दशमलव ७ मेगावाटको सिम्बुवा जलविद्युत् आयोजनामा स्वपूँजी (इक्वीटी) को ५१ प्रतिशत अर्थात् साढे १२ करोड लगानी गर्न लागेको छ ।

कम्पनीले यसअघि १० आयोजनामा ४ अर्ब ११ करोड लगानी गरिसकेको छ । कम्पनीका अनुसार, ८२ मेगावाटको लोअर सोलुमा ५० करोड, ४९ दशमलव ६ मेगावाटको सुपर दोर्दीमा ४० करोड, ४२ मेगावाटको मिस्त्रीमा ५० करोड, ३० मेगावाटको खानी खोलामा ४० करोड, ३० मेगावाटको न्यादीमा ५० करोड, २७ मेगावाटको दोर्दीखोलामा ५० करोड लगानी गरेको छ । यस्तै, २५ मेगावाटको काबेली बी १ मा २० करोड, २३ दशमलव ५ मेगावाटको सोलु खोलामा २० करोड, २१.६ मेगावाटको लोअर हेवामा १५ करोड र २० मेगावाटको बाग्मती जलविद्युत् आयोजनामा २० करोड लगानी गरिसकेको छ । विश्व बैंकको ऋण सहयोगमा लगानी कम्पनीमार्फत ३७ दशमलव ६ मेगावाटको काबेली ए कमा ४ अर्ब लगानी गरिसकेको छ । कम्पनीले पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड (पीटीसीएन) मा १४ प्रतिशत स्वपुँजी (इक्वीटी) लगानी गरेको छ भने पावर जेनेरेसन कम्पनीमा पनि १० प्रतिशत इक्विटी लगानी गर्न लागेको छ ।

जलविद्युत् कम्पनीमा अझै १० अर्ब ५० करोड रुपैयाँ लगानीयोग्य रकम रहेकाले आकर्षक जलविद्युत् आयोजनाहरूमा प्रस्ताव आएमा लगानी गर्न सकिने प्रमुख कार्यकारी अधिकृत रौनियारले जानकारी दिए ।

श्रोतः अभियान, २०७३/४/१२

## घोषित सहयोग पनि पाएनन् जलविद्युत् कम्पनीले

आर्थिक वर्ष २०७१/७२ को बजेटमा गरेको घोषणा सरकारले कार्यान्वयन नगरेकोमा जलविद्युत् उत्पादक कम्पनीहरूले आपत्ति जनाएका छन् । तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले प्रस्तुत गरेको उक्त बजेटमा आयोजनाहरू समयमै सम्पन्न गरी उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न विद्युत् उत्पादकलाई एकमुष्ट प्रतिमेगावाट रू. ५० लाख दिने घोषणा गरिएको थियो ।

साथै, आर्थिक वर्ष २०७४/७५ सम्ममा विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने विद्युत् उत्पादकलाई यस्तो अनुदानमा थप १० प्रतिशत दिने पनि उक्त बजेटमा भनिएको थियो । तर, निर्धारित अवधिभित्रै निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडे पनि हालसम्म आफूहरूले घोषित रकम नपाएको अपि पावर कम्पनी लिमिटेडले बताएको छ ।

अपिका परियोजना निर्देशक महेन्द्र न्यौपानेले दार्चुला जिल्लास्थित नौगडगाढ जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गरी २०७२ साउनमा राष्ट्रिय प्रसारण लाइनमा जोडे पनि घोषित रकम प्राप्त नभएको बताए । उनले भने, 'सरकारले घोषणा गरेको रकम पाउने उत्साहले हामीले राति पनि काम गरेका थियौं । तर, अहिलेसम्म रकम पाएका छैनौं ।' उनले सरकारले आफूले बोलेको कुरा पुर्‍याउनु पर्नेमा जोड दिँदै भने, 'नभए सरकार पनि झूट बोल्दो रहेछ भन्ने प्रमाणित हुनेछ ।' सो आयोजनाले २०६९ असारमा निर्माण अनुमति प्राप्त गरेको थियो ।

नौगडगाढबाट ८ दशमलव ५ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

निजी कम्पनीबाट उत्पादित विद्युत् सरकारले ५ रुपैयाँ ४० पैसा प्रतियुनिटका दरले खरीद गर्ने गरेको छ । विदेशी कम्पनीलाई डलरमा भुक्तानी गर्ने सरकारले स्वदेशी कम्पनीलाई पनि डलरमा भुक्तानी गरे अरू आशा नगर्ने अपिका प्रबन्ध निर्देशक सञ्जीव न्यौपानेको भनाइ छ । उनले भने, 'स्वदेशी कम्पनीलाई पनि सरकारले कि डलरमा भुक्तानी गर्नुपर्छ नभए कर छूट दिनुपर्छ । अन्यथा सरासर विभेद हुन्छ र सरकारले घोषणा गरेको ऊर्जासङ्कट समाधान गर्न नेपाली लगानीकर्ता उत्साहित हुन सक्दैनन् ।'

बजेटमा समयमै विद्युत् उत्पादन गर्ने कम्पनीलाई १० वर्षसम्म पूरै र त्यसपछि ५ वर्ष ५० प्रतिशत आयकर छूट दिनेसमेत घोषणा गरिएको थियो । सो घोषणा पनि लागू नभएको नेपाल उद्योग वाणिज्य महासङ्घ ऊर्जा समितिका सभापति ज्ञानेन्द्रलाल प्रधान बताउँछन् । सरकारले घोषणा गरेको रकम पाउनुपर्ने भन्न जाँदा अर्थ मन्त्रालयले घोषणा गलत भएको र रकम दिन नमिल्ने भनी मौखिक रूपमा बताएको उनले जानकारी दिए । उनले भने, 'नेपालका निजी कम्पनीहरूलाई सरकारले निर्माणमा पनि सहुलियत नदिने र घोषणा गरेको रकम पनि नदिने गर्न थालेपछि जलविद्युत्मा जानेबुझेका नआउने, ठगी गर्नेहरू मात्रै आउने सम्भावना बढ्नेछ ।' उनका अनुसार १ करोड रुपैयाँभन्दा बढी प्रतिमेगावाट कन्स्ट्रक्शन ट्याक्स बुझाएका विद्युत् उत्पादक कम्पनीहरू बजेटमा भएको घोषणाबाट उत्साहित भएका थिए ।

सो घोषणापछि सानिमा माई हाइड्रो पावर लिमिटेडअन्तर्गतका २२ मेगावाटको माई र ७ मेगावाटको माई क्यास्केड क्रमशः २०७१ माघ र २०७२ चैतमा सम्पन्न भई राष्ट्रिय प्रसारणमा जोडिइसकेका छन् । त्यसैगरी बोजिनी कम्पनी प्रालिद्वारा निर्माण भएको २ दशमलव ४ मेगावाटको जिरीखोला साना विद्युत् आयोजनाबाट २०७१ फागुन र रुरु जलविद्युत् परियोजना प्रालिद्वारा निर्माण भएको ५ मेगावाटको माथिल्लो हुग्दीबाट २०७१ चैतमा विद्युत् उत्पादन भइसकेको छ । यसैगरी जोशी हाइड्रोपावर कम्पनी प्रालिद्वारा निर्माण भएको ३ मेगावाटको माथिल्लो

पुवा–१ बाट २०७१ माघमा र छाँदी हाइड्रोपावर कम्पनीद्वारा निर्माण भएको २ मेगावाटको छाँदीखोला जलविद्युत् परियोजनाबाट २०७२ फागुनदेखि विद्युत् उत्पादन शुरू भइसकेको छ । यी कम्पनी सबैले बजेटमा घोषणा भएको रकम नपाएको गुनासो गरेका छन् । छाँदीखोला हाइड्रोपावर स्रोतका अनुसार यसबारे अर्थ मन्त्रालयमा बुझ्न जाँदा अघिल्लो वर्षसम्म सम्बन्धित शीर्षकमा पैसा नभएको बताइयो । उक्त स्रोतले यस वर्षको बजेटमा परेको छ भन्ने सुनेको पनि बतायो ।

यस अवधिको सबैभन्दा धेरै २९ मेगावाट विद्युत् उत्पादन गरेको सानिमा माई हाइड्रो पावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा. सुवर्णदास श्रेष्ठ पनि आफूहरूले सरकारबाट कुनै अनुदान नपाएको बताउँछन् । उनी भन्छन्, 'हामीले ऊर्जा मन्त्रालयसँग कुरा राखेका हौं । ऊर्जाबाट आफूहरूले पहल गरिरहेको भन्ने जवाफ पाए पनि रकम भने अहिलेसम्म पाएका छैनौं ।' यसबारेमा प्रश्न गर्दा अर्थ मन्त्रालयका उपसचिव राजेन्द्र पौडेलले पाएका छैनन् र ? भन्ने प्रश्न गर्दै आफूलाई जानकारी नभएको बताए ।

श्रोतः  कारोबार,  २०७३/४/१२

# अझै ५/७ वर्ष भारतकै बिजुलीमा भर पर्नुपर्ने अवस्था छ

*मुकेशराज काफ्ले*

कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले विद्युत् प्राधिकरणका पूर्वसञ्चालक सदस्यसमेत हुन् । रामेछापमा जन्मिएर हाल महोत्तरीमा स्थायी बसोबास गर्दै आएका काफ्ले इन्जिनियर अध्ययन संस्थान पुल्चोकमा समेत अध्यापन गर्छन् । ४१ वर्षीय काफ्ले लक्ष्यअनुसार जलविद्युत् उत्पादन हुन नसक्नुमा विद्युत् प्राधिकरण मात्र नभई राज्यको समेत दोष रहेको बताउँछन् । विद्युत् प्राधिकरण हालसम्म स्वतन्त्र रूपमा अघि बढ्न नसकेको बताउने कार्यकारी निर्देशक काफ्ले आगामी हिउँदमा ५/७ घण्टाभन्दा बढी लोडसेडिङ नहुने दाबी गर्छन । सुख्खायाममा लोडसेडिङ घटाउन भारतबाट विद्युत् आयातको विकल्प नरहेको बताउने उनी ठूला–ठूला जलाशययुक्त आयोजना नबनुन्जेल लोडसेडिङ हट्ने सम्भावना नरहेको बताउँछन् । भविष्यमा ठूला जलविद्युत् आयोजनामा मात्र लगानी गर्ने सोचाइमा विद्युत् प्राधिकरण रहेको उनले बताए । काफ्लेसँग विद्युत् उत्पादनको कमजोरी, लोडसेडिङको अवस्था, प्रसारण लाइन र वितरणमा देखिएको समस्यालगायतमा केन्द्रित रहेर कारोबारकर्मी *भीम गौतमले* गरेको कुराकानी :

धेरै वर्षदेखि लोडसेडिङ घटाउने योजना आइरहेका छन् तर अहिले वर्षामा दैनिक ७ घण्टा लोडसेडिङ छ, हिउँदमा कति हुन्छ अन्योल छ । अब नेपालीले लोडसेडिङ कहिलेसम्म भोग्नुपर्ला ?

अहिले तालिकामा सात घण्टा लोडसेडिङ हुने भनिए पनि पाँच घण्टाभन्दा बढी छैन । हामीले लोडसेडिङ घटाउनका लागि एउटा योजना बनायौं, तर कुनै न कुनै कारणले प्राकृतिक विपत्तिको सामना गरेर उत्पादन बढ्न सकेन । पहिला जुरे पहिरो र पछिल्लो समयमा भूकम्पको विपत्ति भोग्नुप¥यो । हाम्रो उत्पादन बढ्ने अवस्थामा पुगेको थियो । हाल फेरि भोटेकोसीमा बाढीले क्षति ग¥यो । यही जुलाईभित्र ४५ मेगावाटको भोटेकोसी प्लान्ट पुनर्निर्माण गरेर सञ्चालन गर्ने अवस्थामा पुग्न लागेको थियो । फेरि भोटेकोसीको बाढीले क्षति पु¥यायो । १ सय ४४ मेगावाटको कालीगण्डकी ‘ए’ जलविद्युत् आयोजनाको एउटा युनिट अहिले मर्मतमा छ । सुनकोसी जलविद्युत् आयोजनामा पनि भोटेकोसीको बाढीका कारण समस्यामा छ । अहिले एक सय मेगावाटभन्दा बढी बिजुली प्रणालीबाट बाहिर छ । यस कारणले केही बढी लोडसेडिङ देखिएको हो । भोटेकोसी आउन त केही समय लाग्छ तर कालीगण्डकीको त चाँडै युनिट मर्मत भैसक्छ । आउँदो हिउँदमा लोडसेडिङ ५/६ घण्टामा कसरी सीमित गर्न सकिन्छ भनेर लागेका छौं ।

**गएको हिउँदमा १२ घण्टासम्म लोडसेडिङ भोग्नुपरेको थियो । आगामी हिउँदमा ५/६ घण्टामै झर्छ भन्ने के आधार छ ?**

सधैं १२ घण्टा नै बेहोरिरहनुपर्ने हो भने त हामीले गरेको कामको परिणाम पनि देखिँदैन । अहिले आन्तरिक उत्पादनबाट लोडसेडिङ अन्त्य गर्न सकिने अवस्था देखिँदैन । आगामी एक÷दुई महिनाभित्र ५० मेगावाट माथिल्लो मस्र्याङ्दीबाहेक तत्काल अन्य ठूला आयोजना राष्ट्रिय प्रसारण लाइनमा जोडिने अवस्था पनि छैन । सुख्यायामका लागि अहिले हामीले भारतबाटै बिजुली आयात गर्ने हो । ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत २ सय ५० मेगावाट बराबर बिजुली आयात गर्ने नेपाल र भारतबीचको सचिवस्तरीय बैठकमा सम्झौता भैसकेको छ । २२० केभीएको सबस्टेसन निर्माण समयमै बन्छ कि बन्दैन भनेर चिन्ता छ । त्यसलाई अस्थायी रूपमा कसरी

व्यवस्थापन गर्ने भनेर हामी लागेका छौं । २ सय ५० मेगावाट विद्युत् भारतबाट आयात गर्न सक्यौं भने त्यो भनेको नदी प्रवाहमा आधारित (आरओआर) आयोजनाको १ हजार मेगावाट बराबरको हो ।

**जलविद्युत् उत्पादन नबढ्नुमा विद्युत् प्राधिकरणले केही न केही बहानाबाजी बनाइरहेको हुन्छ भनिन्छ, अहिले पनि उत्पादन नबढ्नुमा एक वर्षअघि मात्र गएको भूकम्प र त्यसपछिको नाकाबन्दीलाई देखाइएको छ । किन प्राधिकरणले यस्तो बढी बहानाबाजी गरिरहेको हो ?**

भोटेकोसीको हेडवर्कस बाढीले बगायो, के यो बहानाबाजी हो र ? प्राधिकरणले आउने जलविद्युत् आयोजनाको आधारमा योजना बनाउने हो नि । जुलाईदेखि भोटेकोसी आउँछ भनेर दसैं तिहार मनाइने अक्टोबरमा अन्तरदेसीय प्रसारण लाइनमार्फत भारतबाट विद्युत् आयात गर्नुपदैन भनेर प्रस्ताव गरेका थियौं । तर बाढीले क्षति पु¥याएर नआउने भयो । यस्ता घटना भइरहेका छन् । यो त दुर्भाग्य हो नि ।

**जलविद्युत् उत्पादनका लागि सरकारको भरोसा केन्द्रको रूपमा रहेको विद्युत् प्राधिकरणले बनाएका कुनै पनि आयोजना २०६५ सालपछि सम्पन्न भएका छैनन् । यसले त प्राधिकरण असफल भएको देखाउँदैन र ?**

खाली चमेलिया र कुलेखानी तेस्रो योजनाको कुरा मात्र गरेर भएन नि । ति योजनाको उत्पादन त धेरै छैन नि । यी आयोजनाबाट सुख्खायाममा त धेरै योगदान हुँदैन । हामीले नेपालको ऊर्जा संकट समाधान गर्ने उद्देश्यसहित ल्याएका योजना भनेको ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जस्ता आयोजना हुन्, यद्यपि हिउँदमा यसको योगदान पनि धेरै हुँदैन । ऊर्जा संकट समाधानका लागि बन्नुपर्ने आयोजनाहरू त बूढीगण्डकी, नलसिंहगाढजस्ता ठूला जलाशययुक्त आयोजनाहरू हुन् । हाम्रो व्यवस्थापन कमजोरीका कारणले यी आयोजना अघि नबढेका होइनन् । चमेलिया, कुलेखानीमा आएका समस्यालाई मात्र देखाएर प्राधिकरण असफल भयो भनेर भन्न त धेरै हतार हुन्छ ।

**विद्युत् प्राधिकरणको उत्पादन त अहिलेसम्म ५ सय ८० मेगावाटको हाराहारीमा मात्र छ, जलविद्युत् उत्पादनका लागि प्राधिकरण त असफल देखिएको हो नि ?**

समग्र देशको कुरा गर्दा त प्राधिकरण जन्मेको कति भयो र ? भर्खर ३० वर्ष न भयो । जलविद्युत्को इतिहास त एक सय वर्षभन्दा बढीको छ । यसमा त समग्र राज्य नै असफल हो नि, प्राधिकरण मात्र हो र ? जति क्षमता थियो, त्यही आधारमा मात्र उत्पादन गर्न सकियो यो तीतो यथार्थता हो नि । यो सम्झेर मात्र त काम छैन । अहिले जुन १० वर्षमा १० हजार मेगावाट उत्पादन गर्ने योजना ल्याएका छौं, त्यसतर्फ पो बढी सोच्नुपर्छ ।

**१० वर्षमा १० हजार मेगावाट उत्पादन गर्नका लागि सबैभन्दा ठूलो बाधक विद्युत् प्राधिकरण रहेको आरोप ऊर्जा मन्त्रालयकै अधिकारीहरूले लगाइरहेका छन् । के यो आरोपमा सत्यता छ ?**

खै कसले आरोप लगायो मलाई थाहा छैन । अहिलेको ऊर्जा संकट समाधान गर्ने हो भने बूढीगण्डकी जलविद्युत् आयोजना बनाउनुप¥यो । नलसिंहगाढ बनाउनुप¥यो । यी आयोजनामा विद्युत् प्राधिकरणले काम गरिरहेको छ र ? बनाउनेले बनाउनु प¥यो नि । उत्पादनमा अब विद्युत् प्राधिकरणले सीमित आयोजनामा मात्र हात हाल्छ । जुन पायो, त्यही आयोजनामा जाने हाम्रो लक्ष्य छैन । ३÷४ वटा आयोजना छानेका छौं । ति आयोजनामा मात्र हात हाल्छौं । ठूला जलाशययुक्त आयोजना त सरकारले प्राधिकरणलाई दिएको पनि छैन । तनहुँ सेतीमा हामीले काम सुरु गरेका छौं । त्यो अघि बढेकै छ । दोष लगाएर मात्र के हुन्छ र ?

**उसो भए अब जलविद्युत् उत्पादनको अवस्था कस्तो हुन्छ त ?**

दुई वर्षमा थप एक हजार मेगावाट जलविद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिन्छ । बूढीगण्डकीजस्ता आयोजना सुरु हुनै सक्या छैनन् । अहिलेदेखि नै दुरतगतिमा काम ग¥यौं भने पनि सुख्खा यामका निम्ति अर्को ५÷७ वर्ष

भारतको बिजुलीमै निर्भर हुनुपर्ने अवस्था छ । यद्यपि अरु विकल्पहरू वैकल्पिक ऊर्जातर्फ पनि हामी अघि बढेका छौं । तर हामीसँग जलविद्युत्को विकल्प छैन, जुन अहिले आरओआर आयोजना अघि बढाएका छौं, यसले वर्षा याममा योगदान दिन्छ । हिउँदमा समाधान गर्न त ठूला जलाशययुक्त आयोजना बन्नैपर्छ । त्यो बेलासम्म भारतबाट बिजुली आयात गर्नुको विकल्प छैन ।

**लोडसेडिङ हुनुको कारण अर्को कारणको रूपमा चुहावटलाई लिइन्छ । किन यति धेरै चुहावट भएको हो ?**

धेरै भन्दा पनि २४/२५ प्रतिशतको हाराहारीमा छ । यो चुहावट नियन्त्रणका लागि विशेष योजना बनाएका छौं । यो समग्र पक्षसँग जोडिएको छ । चुहावट बढेको छैन तर अपेक्षाकृत घटाउन नसकिएको हो ।

**हामी अहिले पनि भारतबाट बिजुली ल्याएर लोडसेडिङ घटाउने कुरा गरिरहेका छौं, यस्तो परनिर्भता कहिलेसम्म रहन्छ ?**

जहिलेसम्म ठूला जलाशययुक्त आयोजनाहरू बन्दैनन्, त्यतबेलासम्म भारतबाट विद्युत् आयातबाहेकको अर्को भरपर्दो उपाय देखिँदैन । वर्षा याममा माथिल्लो तामाकोसी, रसुवागढी जस्ता आयोजना बनेपछि लोडसेडिङ धेरै घट्छ ।

**एकातिर भारतलाई बिजुली बेच्ने कुरा गरिरहेका छौं, तर अर्कोतिर आयात बढ्दो छ । के यो मिल्दोजुल्दो कुरा हो र ?**

भविष्यमा वर्षा याममा बढी भएको बिजुली पो बेच्ने भनेको हो त । सुख्या याममा त आयात गर्नै प¥यो नि । यो बेलामा बेच्ने कहाँ भनेको छ र ? परनिर्भरता घटाउने हो भने ठूला आयोजना बनाउनुप¥यो, यसको विकल्प छैन । ठूला आयोजना अघि नबढ्नुमा राजनीतिक कारण पनि हुनसक्छ ।

**उत्पादनसँगै प्रसारण लाइनको समस्या झन् जल्दोबल्दो देखिएको छ । कसरी समाधान गर्नुहुन्छ ?**

अहिले सबैभन्दा राम्रो प्रसारण लाइन आयोजनाहरू छन् । दुई वर्षपछि कसैले प्रसारण लाइनको अभावका कारणले विद्युत् खेर गएको भनेर सुन्नुपर्ने छैन ।

**यो पक्का हो कि, सपना देखाएको मात्र हो ?**

यो पक्का हो । म आधारसहित बोलेको छु । अधिकांश प्रसारण लाइनको ठेक्का व्यवस्थापन गरेर ठेकेदारले काम सुरु गरेका छन् । ५/६ महिना ढिलो होला, अब बन्ने त भयो नि । उदाहरण नै हेर्नुस, कोसी, सोलु, कालीगण्डकी, हेटौंडा–इनरुवा–ढल्केबर, हेटौंडा–भरतपुर, भरतपुर–वर्दघाटलगायतका प्रसारण आयोजनाहरू सुरु भएका छन् । केही ढिला भएका छन् तर कति न ढिलो होलान र ? केही ढिला भए पनि सकिन्छ नै । यी आयोजनाहरू खिम्ती–ढल्केबर, थानकोट–चापागाउँ प्रसारण लाइन जस्तो अनन्तकालसम्म जाने योजना पनि होइनन् । अधिकांश प्रसारण लाइनको निर्माणमा केही ढिला भएकै हो तर साह्रै ढिला हुन्न ।

**उसो भए, अब प्रसारण लाइनको अभावमा बिजुली खेर गयो भनेर सुन्नुपर्ने अवस्थाको अन्त्य हुन लागेको हो ?**

दुई वर्षपछि प्रसारण लाइनको अभावमा विजुली खेर गयो भनेर सुन्नु पर्दैन । अहिले पनि माथिल्लो मस्याङ्दीका लागि वैकल्पिक प्रसारण लाइनको व्यवस्था गर्दैछौं भने सानिमा माईको उत्पादन गर्ने बेलामा वैकल्पिक व्यवस्था गरेका थियौं । केही समस्या थियो तर बनिसकेका आयोजनाले प्रसारण लाइन अभावले बिजुली खेर गएको अहिले पनि छैन । चिलिमे हबमा केही ढिलाइ भएकोमा चिन्तित छौं, तर परामर्शदाता सक्रिय भइसकेको छ । पाइप लाइनमा आयोजनाहरूमा प्रसारण लाइनको कारणले समस्या हुँदैन ।

**अहिले त प्रसारण लाइनको अभावमा भारतले बिजुली दिए पनि काठमाडौं त आइपुग्दैन भन्छन् नि ?**

काठमाडौंमा समस्या छ । खिम्ती–ढल्केबरमा केही समस्या भएकाले यस्तो भएको हो । यो भदौमा यो प्रसारण लाइन बनिसक्छ । यसो भयो भने सुख्खायाममा १ सय ५० मेगावाट बिजुली ल्याउन सक्छौं । काठमाडौ ल्याउनका लागि खिम्ती–लामोसाँघु, लामोसाँघु–काठमाडौं प्रसारण लाइन र हेटौंडा–मातातीर्थ लाइन बनाइरहेका छौं ।

**जलविद्युतमा त समस्यै समस्या छ भनिन्छ, तर तपाईं त सबै ठीकठाक छ भनिरहनुभएको छ ? केही समस्या छैनन् र ?**

केही समस्या अवश्य छन् । कहीँ ठेकेदार व्यवस्थापनको समस्या छ । कतै ठेकेदारको वित्तीय अवस्था कमजोर रहेकाले काम गर्न सकिएको छैन । कहीँ स्थानीय, कहीँ वनमा समस्या छन् । समस्याको प्रकृति फरक छ । समस्याका रूपमा देखिएको थानकोट–चापागाउँ प्रसारण लाइनतर्फ भक्तपुरको काम अन्तिम चरणमा पुगेको छ, ललितपुरमा काम गर्दैछौं । यो आयोजनामा स्थानीय समस्या छ तर कसरी अघि बढ्ने भनेर छलफल भइरहेको छ ।

**विद्युत् प्राधिकरणमा वितरणको समस्या पनि देखिएको छ । एउटा मिटर र ट्रान्सफर्मर पाउनका लागि शक्ति लगाउनुपर्ने अवस्था छ । यति अभावको अवस्था किन आयो ?**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विद्युत् प्राधिकरणका धेरै कर्मचारी साथीमाथि ट्रान्सफर्मरको विषयमा कारबाही गरेपछि बीचमा ट्रान्सफर्मर, मिटरको खरिद प्रक्रिया रोकियो । दुई वर्षसम्म यस्तो भएपछि समस्या आउनु स्वाभाविकै हो । अहिले ५ लाख मिटर आउने क्रममा छन् । थप नयाँ १५ सय ट्रान्सफर्मर ल्याउन टेन्डर भएको छ । यी आएपछि यो ठूलो समस्याको रूपमा रहँदैन । वितरण प्रणालीमा व्यापक सुधारको खाँचो छ । वितरण प्रणाली कति कमजोर रहेछ भनेर त विगतको भूकम्पको बेला पनि देखियो नि । यसकारण यसको सुधार गर्नुपर्ने छ ।

**जलविद्युत् धेरै उत्पादन गर्ने कुरा एकातिर छ भने अर्को प्राधिकरणले विद्युत् खरिद सम्झौता (पीपीए) मा अंकुश लगाएर हिउँदका लागि मात्र गर्ने कुरा गरिरहेको छ, यो परस्पर विरोधी कुरा भएन र ?**

हामीले डलरबाहेकको पीपीएमा अंकुश लगाएका छैनौं । पीपीए खुल्ला छ । जलाशययुक्त आयोजनाको पीपीए अहिलेसम्म गरेका छैनौं । पिकिङ आवरको पीपीए पनि गरेका छैनौं । अन्य पीपीए भइरहेका छन् । ऊर्जा संकटकाल कार्ययोजनाले ३३ प्रतिशत आरओआर आयोजनाको पीपीए गर्ने भनेको छ । अहिले लगभग त्यति भइसक्यो । तैपनि थप पीपीए गर्न कुनै समस्या छैन । नेपाल थप १ हजार÷१५ सय मेगावाटसम्म बिजुली बढी उत्पादन भएर आत्तिनुपर्ने अवस्था छैन ।

**अहिले लगानी बोर्डले गरेको विद्युत् मागको प्रक्षेपण विद्युत प्राधिकरणको भन्दा धेरै छ । अब कुन कार्यान्वयनमा आउँछ त ?**

विद्युत माग प्रक्षेपण नै गलत छ । विद्युत् प्राधिकरणले गरेको प्रक्षेपण आफ्नो व्यावसायिक योजनाका आधारमा गरेको हो । लगानी बोर्डले समग्र राज्य पक्षलाई हेरेर गरेको हो । सरकारले भन्छ भने हामी सरकारको संस्थान भएकाले जति पनि पीपीए गर्न सक्छौं ।

**विद्युत् प्राधिकरणले स्वतन्त्र रूपमा काम गर्न नपाएको आरोप लाग्छ, के त्यस्तो राजनीतिक हस्तक्षेप छ र ?**

प्राधिकरणले स्वतन्त्र रूपमा काम गर्न नपाएको हो । यसमा मेरो व्यक्तिगत अनुभव के छ भने विद्युत् प्राधिकरणलाई व्यावसायिक संस्थाको रूपमा विकास गर्ने हो भने यसलाई स्वतन्त्रता दिनैपर्छ । मेरो पनि तीतो अनुभव रह्यो । राजनीति धेरै ठाउँमा सहयोगी पनि हुन्छ, यो आवश्यक पनि हुन्छ । नीति निर्माण तहमा यो नभै हुँदैन । नेपालमा मुख्यतया कर्मचारीको विषयलाई लिएर राजनीतिज्ञले चासो लिइदिँदा समस्या हुन्छ । जहाँसम्म राजनीतिक हस्तक्षेपको कुरा छ, यसबारे सबैलाई थाहा नै छ । राजनीतिक हस्तक्षेपका कारणले व्यावसायिक रूपमा काम गर्न नपाएपछि समस्या त सुरु भैहाल्छ । तर सबै बिग्रिएको राजनीति हस्तक्षेपले पनि होइन । यो व्यक्ति

विशेषमा भरपर्ने कुरा हो । राजनीतिक हस्तक्षेप सकारात्मक पक्षमा भयो भने त अति राम्रो हो नि । उदाहरणका लागि विद्युत् महसुल बढाउन राजनीतिक हस्तक्षेप नभै हुँदैन । आयात बिजुलीको मूल्यान्तर अर्थ मन्त्रालयबाट लिन राजनीतिक सहयोग आवश्यक पर्छ । तर व्यवस्थापनलाई व्यावसायिक रूपमा चलाउने कुरामा मात्र राजनीतिक हस्तक्षेपको विकृति देखेको छु मैले ।

**विगत २० महिनादेखि विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुनुहुन्छ, यस दौरानमा तीतामीठा कस्ता अनुभवहरू रहे ?**

तीता अनुभव भन्नु पर्दा त केही समय मन्त्रालयसँग द्वन्द्व भयो । यो देखिएको कुरा हो । प्राधिकरणभित्रबाट सबैले सहयोग गर्नुभयो । हालसम्म एक दिन पनि मेरा विरुद्ध नारा जुलुस, घेराऊ गर्ने अवस्था आएन । मैले गरेका निर्णय बदर पनि गर्नुपरेन । प्रशासनिक रूपमा केही सुधारका काम पनि भए । विद्युत् महसुल पनि बढ्यो । प्रसारण लाइनको क्षेत्रमा यस्तो राम्रो काम भयो कि निर्माणका लागि आधार भएको छ ।

**सबै राम्रो काम भएको कुरा गरिरहनुभएको छ तर ऊर्जा मन्त्रालयले त तपाईंलाई कार्य सम्पादनमा असफल बनायो नि ?**

त्यो त पूर्वाग्रहीपूर्ण कार्य सम्पादन नै हो । यो सार्वजनिक संस्था हो । मेरा कामको सार्वजनिक लेखा परीक्षण हुनुपर्छ भन्ने मान्यता राख्छु । कागजी मूल्यांकनले मात्र केही हुँदैन । म के भन्न चाहान्छु भने जुनसुकै आस्था राख्ने कर्मचारीहरू हुन्, यहाँ रहेका ११ हजार कर्मचारीमध्ये ४४ जनाले आएर तपाईंको कारणले संस्थालाई हानी भयो भने भनें म राजीनामा दिन तयार छु तर पूर्वाग्रही ढंगले मूल्यांकनको के अर्थ भयो र ?

**लोडसेडिङको रेखाचित्र बढ्नुको कारण**

१४४ मेगावाट क्षमताको कालीगण्डकी जलविद्युत् आयोजना बन्न लागेका बेलामा तत्कालीन जलस्रोत मन्त्रीले नेपालको पातपातमा करेन्ट हुन्छ भनेर सार्वजनिक भाषण नै गरेका थिए । तर त्यसको लगत्तैका वर्षदेखि लोडसेडिङ सुरु मात्र भएन, यसको रेखाचित्र पनि बढ्दै गयो । आगामी हिउँदमा विद्युत् प्राधिकरणले ५/७ घण्टामा लोडसेडिङ झार्ने योजना बनाएको छ । अहिले वर्षामै दैनिक ७ घण्टा लोडसेडिङ भोग्नु परिरहेका बेला हिउँदमा यति मात्र हुन्छ भन्ने स्पष्ट आधार विद्युत् प्राधिकरणले दिन सकेको छैन । तर उत्पादन नै कमजोर भएपछि हिउँद पर्खनु र प्राधिकरणको लोडसेडिङको तालिका अनुसार जीवन चलाउनुको विकल्प उपभोक्तासँग छैन । कि आकाश, कि भारतले हाम्रो लोडसेडिङ तालिका निर्धारण गरिरहेको छ, बूढीगण्डकी, नलसिंहगाढजस्ता जलाशययुक्त आयोजना नबनेसम्म यही अवस्था रहिरहन्छ ।

अचम्मको कुरा त कालीगण्डकी बनेपछि भारतलाई बिजुली बेच्न टोलीसमेत पठाएको नेपालका लागि लोडसेडिङ न्यूनीकरणको एक मात्र माध्यम भारतबाट विद्युत् आयात बनेको छ । पछिल्लो १० वर्षको भारतबाट मात्र ६० अर्ब बराबरको विद्युत् आयात भइसकेको छ । अहिले ३ सय मेगावाट विद्युत् आयात गरिरहेको नेपाल विद्युत् प्राधिरकणले आगामी वर्षमा एक हजार मेगावाटसम्म आयात गर्ने घोषणा गरिसकेको छ । प्रत्येक वर्ष एक सय मेगावाटको दरले विद्युत्को माग बढे पनि उत्पादनको अवस्था भने विगत १० वर्षमा २ सय ५० मेगावाट नाघेको छैन

। यसले जलविद्युत् उत्पादनको अवस्था अत्यन्त कमजोर देखाउँछ । यसरी लोडसेडिङ बढ्दै जानुको कारण चिहाउँदै जाँदा धेरै पक्ष र प्रवृत्ति भेटिन्छन् ।

लोडसेडिङ बढाउनका लागि सहयोगी पात्रहरूमा सरकार, कर्मचारीतन्त्रदेखि जनतासम्म छन् । सबै सक्रिय भएको भए १०५ वर्षमा जम्मा ७ सय ८० मेगावाट मात्र विद्युत् उत्पादन हुने थिएन । लोडसेडिङ बढ्दै जानुमा मुख्य त सरकारको नीति र योजनामै खोट देखिन्छ । धेरैले नेपाल विद्युत् प्राधिकरणलाई दोष दिन्छन् । विद्युत् उत्पादन, प्रसारण र वितरणको जिम्मेवारी पाएको प्राधिकरणलाई दोष दिनु अस्वाभाविक होइन तर यसमा प्राधिकरणको मात्र दोष छैन । प्राधिकरण त सरकारले बनाएको योजना तथा कार्यक्रमको कार्यावन्यन गर्ने निकाय हो । सरकारले जलविद्युत् उत्पादनका लागि ल्याएका अधिकांश कार्यक्रम कार्यान्वयन नभएकाले प्राधिकरणसँगै सरकारको नीतिमा पनि खराबी छ । मुलुकमा बहुदलीय प्रजातन्त्र आएपछि सरकारले विद्युत् ऐन २०४९ ल्याएर निजी क्षेत्रलाई जलविद्युत् लगानीमा खुल्ला गरिदियो । त्यसपछि सरकार बढी निजी क्षेत्रको भर प¥यो । निजी क्षेत्रका धेरै प्रवद्र्धकले लाइसेन्स पनि लिए तर तुलनात्मक रूपमा धेरै विद्युत् उत्पादन हुन सकेन । जब २०६० सालमा आएर लोडसेडिङ सुरु भयो, त्यसपछि मात्र सरकारले जलविद्युत् आयोजना निर्माण सुरु ग¥यो । विडम्बना नै भन्नुपर्छ, त्यसपछि विद्युत् प्राधिकरणले सुरु गरेका चमेलिया, कुलेखानी तेस्रो, राहुघाट र त्रिशूली ३ ए जलविद्युत् आयोजनाको अवस्था दयनीय छ । यी सबै आयोजनाको समय त दोब्बर भयो भयो, लागत पनि दोब्बरभन्दा बढी हुने अवस्था छ ।

यसरी हेर्दा सरकारी निकायको जलविद्युत् उत्पादनमा बेवास्ता, निजी क्षेत्रले लाइसेन्स लिएर ओगट्ने प्रवृत्ति, सरकारले अन्तर मन्त्रालयबीच समन्वय गर्न नसक्नु, आयोजनास्थलका जनतामा आयोजना भनेका ‘दुहुनो गाई’ हुन् भन्ने मानसिकताको विकासलगायतका कारण जलविद्युत् उत्पादन कमजोर बनेको हो । यही प्रवृत्ति लोडसेडिङको साथी बनेको छ भने उत्पादन, प्रसारण र वितरणको शत्रु ।

**लोडसेडिङ घटाउन योजनाको बाढी**

लोडसेडिङ घटाउनका लागि सरकारले ल्याएका योजना हेर्ने हो भने यसको पनि बाढी नै लाग्ने अवस्था छ । तर, कार्यान्वयन अत्यन्त कमजोर छ । मुलुकमा गणतन्त्र आएदेखि पछिल्लो ऊर्जा संकटकाल कार्य योजनासम्म हेर्ने हो भने लोडसेडिङ घटाउने योजना प्रत्येक वर्ष अगाडि सारिएका छन् । उत्पादनको लक्ष्य पनि धेरै मेगावाट छ । तर, उत्पादन अत्यन्तै कमजोर छ । २०६४ सालमा प्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोईराला र जलस्रोत मन्त्री ज्ञानेन्द्रबहादुर कार्की हुँदा १० वर्षमा ५ हजार मेघावाट विद्युत् उत्पादन गर्ने कार्यक्रम ल्याइयो । त्यसपछि २०६५ सालमा पुष्पकमल दाहाल प्रधानमन्त्री र जलस्रोतमन्त्री विष्णु पौडेल हुँदा फेरि १० वर्षभित्र १० हजार मेघावाट विद्युत् उत्पादन गर्ने कार्यक्रम ल्याइयो । २०६६ सालमा माधवकुमार नेपाल प्रधानमन्त्री र डा. प्रकाशशरण महत ऊर्जामन्त्री भएका बेला २० वर्षमा २५ हजार मेघावाट विद्युत् उत्पादन गर्ने कार्यक्रम ल्याइयो ।

प्रधानमन्त्री झलनाथ खनाल तथा उपप्रधानमन्त्री, अर्थ एवं ऊर्जामन्त्री भरतमोहन अधिकारी भएका बेला वर्तमान ऊर्जा संकटको समाधान गर्ने भन्दै देशमा साढे चार वर्ष ऊर्जा संकटकाल घोषणा गर्दै नयाँ योजना आयो । डा. बाबुराम भट्टराई प्रधामन्त्री र स्व. पोष्टबहादुर बोगटी ऊर्जामन्त्री भएपछि पुनः लोडसेडिङ न्यूनीकरण कार्ययोजना ल्याइयो । स्वर्गीय सुशील कोइराला प्रधानमन्त्री र ऊर्जामन्त्री राधा ज्ञवाली भएका बेला तीन वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने योजना ल्याइयो । ५ महिनाअघि पनि प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले १० वर्षभित्रमा १० हजार मेगावाट उत्पादन गर्ने लक्ष्यसहित ऊर्जा संकटकालकाल कार्ययोजना ल्याइएको छ । समय तालिका तोकेर ल्याइएका ९९ वटा कार्ययोजना अहिले हेर्ने हो भने दयालाग्दो

अवस्था छ । अब फेरि केही समयपछि सरकार परिवर्तन हुँदैछ । फेरि नयाँ ऊर्जामन्त्री आउनेछन् र फेरि नयाँ लोडसेडिङ न्यूनीकरणको कार्ययोजना ल्याउनेछन् ।

अहिले पनि वर्षामा दैनिक ७ घण्टा र हिउँदमा १२ घण्टासम्म लोडसेडिङ भोग्नुपर्ने अवस्थामा रहेका उपभोक्ता भने यति भाग्यमानी छन् कि प्रत्येक वर्ष धेरै लोकप्रिय लाग्ने लोडसेडिङ कार्ययोजना सुन्न पाउँछन् तर बिजुली कम देख्न पाउँछन् ।

लोडसेडिङ बढ्नुको कारण सरकारको गलत प्रक्रिया, निजी क्षेत्रको भर, प्राधिकरणभित्र रहेको चुहावट, प्राधिकरण र जलविद्युत् आयोजनामा रहेको अनावश्यक हस्तक्षेप, नीति तथा नियममा रहेको अस्थिरता, प्राधिकरणभित्रको भ्रष्टाचारलगायतका कारण देखाइन्छ । यी मात्र होइन, विद्युत् विकासले जथाभावी लाइसेन्स दिने, निजी क्षेत्रले पनि लाइसेन्स लिएर नबनाउने, जलविद्युत्का प्रक्रियामा संलग्न हुनुपर्ने अर्थ, ऊर्जा, रक्षा, गृह, वन, वातावरणलगायतका मन्त्रालयले हरेक काममा ढिलासुस्ती गर्ने, आयोजनामा अनावश्यक माग राखेर बन्द, हड्ताल, अवरोध गर्नेलगायतका धेरै कारण जलविद्युत् उत्पादन र प्रसारण लाइन बन्न नसक्नुका कारण देखाउने गरिन्छ । १० वर्ष अघिदेखिका यी समस्या आज पनि उस्तै छन् । सरकारी, निजी वा अरु कसैको यस्तो चक्रब्यूहमा फसेको छ कि जलविद्युत् गफ ठूलै छन्, उत्पादन कमजोर छ । यही कारण जति जलविद्युत् आयोजना र प्रसारण लाइनमा ढिलाइ भएर तेल माफियाहरू खुसी छन्, हाम्रो आयात पनि बढेको छ । अहिले नेपालमा जलविद्युत् उत्पादन बढाउने र लोडसेडिङ घटाउने योजनाका बाढी होइन, निस्वार्थी ढंगले आयोजना अघि बढाउने सक्षम नेतृत्व चाहिएको छ । तर, हालसम्म भाषणमा मात्र जलविद्युत् प्राथमिकतामा प¥यो, कार्यान्वयन भने हुन सकेको छैन ।

श्रोतः कान्तिपुर, २०७३/४/१३

# निकुञ्जभित्र विद्युत् आयोजना बनाउन स्वीकृति

*बलराम बानियाँ*

सरकारले लामो समयसम्मको विवाद र अन्योलबीच संरक्षित क्षेत्र लाङटाङ राष्ट्रिय निकुञ्जको मध्य भाग (कोर एरिया) मा मल्टी इनर्जी डेभलपमेन्ट प्रालिलाई १० मेगावाटको जलविद्युत् आयोजना निर्माण गर्न स्वीकृति दिएको छ।

प्रधानमन्त्री केपी ओली सरकारले जाँदाजाँदै संकटापन्न सूचीमा परेका आसामे बाँदर, रतुवा मृगलगायत लोपोन्मुख सूचीका वन्यजन्तुको मुख्य बासस्थान भएको निकुञ्जमा ठूलो भौतिक संरचना निर्माण गर्न स्वीकृति दिएको हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निकुञ्जको कोर क्षेत्रभित्र ठूला भौतिक संरचना निर्माण गर्दा वातावरण विनाश हुने र आसामे बाँदरलगायत लोपोन्मुख सूचीका विभिन्न वन्यजन्तुको बासस्थानमा नकारात्मक असर पर्ने तर्क गर्दै वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रक्रिया अघि नबढाउन दबाब दिँदै आएको थियो।

विभागको अडानका कारण प्रवद्र्धक कम्पनीले २०५५/५६ देखि उत्पादन अनुमतिपत्र लिन खोजे पनि सरकारले लामो समयसम्म दिएको थिएन। तर, सरकारले आयोजना निर्माण गर्दा आसामे बाँदरलगायत वन्यजन्तु र निकुञ्जमा रहेका वनस्पतिको सुरक्षालाई ध्यान दिई सोही अनुरूपका संरचना बनाउने सर्तमा विद्युत् उत्पादन लाइसेन्स दिएको जानकारी ऊर्जा मन्त्रालयका एक अधिकारीले दिए।

सर्वे लाइसेन्स दिएको झन्डै १८ वर्षपछि प्रवद्र्धक कम्पनीको ईआईए वातावरण मन्त्रालयले स्वीकृत गर्नुका साथै वन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले निकुञ्ज क्षेत्रको जग्गा प्रयोग गर्न र आयोजना निर्माणस्थलमा पर्ने रूख बिरुवासमेत हटाउन अनुमति दिएको छ। मन्त्रिपरिषद्को तीन साताअघि बसेको बैठकले प्रवद्र्धक कम्पनीलाई 'लाङटाङ खोला जलविद्युत् आयोजनाको निर्माण तथा सञ्चालनका लागि लाङटाङ राष्ट्रिय निकुञ्जको जग्गा प्रयोग गर्न र रूखबिरुवाहरू हटाउन' स्वीकृति दिएको हो।

यो स्वीकृतिसँगै कम्पनीले फाइनान्सियल क्लोजर (बैंक ऋण) जुटाएर आगामी हिउँदयामदेखि आयोजना निर्माण कार्य सुरु गर्ने जानकारी मल्टी इनर्जी डेभलपमेन्ट प्रालिका महाप्रबन्धक जनार्दन अर्यालले जानकारी दिए। अर्यालका अनुसार कुल लागत २ अर्ब ३० करोड रुपैयाँ लाग्ने छ, त्यसमध्ये कम्पनीले इक्विटी ७० करोड रुपैयाँ जुटाइसकेको छ, बाँकी रकम बैंक ऋणबाट जुटाइने छ। निर्माण सुरु गरेको तीन वर्षमै आयोजना सम्पन्न गरी विद्युत् उत्पादन थाल्ने योजना कम्पनीको छ। आयोजनाबाट उत्पादित नजिकैको बिजुली चिलिमे हाइड्रोको हबमार्फत केन्द्रीय प्रसारण लाइनमा जोडिने छ।

आयोजनाका महाप्रबन्धक अर्यालले संरक्षित क्षेत्रमा ठूला भौतिक संरचना गर्न दिनेबारे सरकारले

कार्यविधि बनाएको र त्यहीअनुसार आफ्नो आयोजनाको ईआईए स्वीकृत हुनुका साथै रूखबिरुवा कटान गर्न अनुमति पाएको दाबी गरे। 'कार्यविधिमा संरक्षित क्षेत्रमा नकारात्मक असर नपर्ने गरी निर्माण गर्न 'सेफ्टी मिजर' अपनाउँछौं।

आसामे बाँदरलगायत लोपोन्मुख वन्यजन्तुको सुरक्षाका लागि सुरुङलगायत सबै भौतिक संरचनामा वन्यजन्तु प्रवेश गर्न नसकून् भनेर बार निर्माण गर्ने छौं। साथै वनस्पति र वन्यजन्तुलाई असर पर्न नदिन आयोजनाका सबै संरचना भूमिगत निर्माण गरिने छ,' अर्यालले कान्तिपुरसित भने, 'सरकारको सर्तअनुसार सेफ्टी मिजर अपनाएर आयोजना निर्माण गर्दा निकुञ्जको वातावरण र लोपोन्मुख वन्यजन्तुलाई कुनै नकारात्मक असर पर्दैन।'

निकुञ्ज भित्रको डोमेन भन्ने ठाउँमा बाँध बाँधी सुरुङबाट पानी स्याफ्रुबेंसी नजिकको लाङटाङ खोला र भोटेकोसीको संगमस्थलभन्दा माथि निर्माण गरिने पावर हाउसमा लगेर विद्युत् निकालिने छ। आयोजनाले निकुञ्जको झन्डै तीन किमि क्षेत्र ओगट्ने छ। लाङटाङ निकुञ्जका प्रमुख संरक्षण अधिकृत (वार्डेन) हरिभद्र आचार्यले आयोजनास्थल निकुञ्जको भित्री भाग (कोर एरिया) मा पर्ने र ड्यामसहित विद्युत् आयोजनाका भौतिक संरचनाहरू बनाउने क्रममा थुपै्र रूखबिरुवा काट्नुपर्दा भूक्षयलगायत समस्या आउने भएकाले यहाँका आसामे बाँदर र रतुवा मृग संकटमा पर्न सक्ने चिन्ता व्यक्त गरे। 'लोपोन्मुख सूचीका वन्यजन्तुको बासस्थान नखलबलियोस् भनेर विभागले ध्यानाकर्षण गराउँदै आएको थियो,' उनले भने, 'आयोजनाको विरोध गरेको होइन।'

श्रोतः गोरखापत्र, २०७३/४/१३

# ऊर्जा सङ्कट कार्ययोजना कागजमा मात्र सीमित

दुई वर्षभित्र पूर्णरुपमा विद्युत्भार कटौती अन्त्य गर्ने लक्ष्यका साथ घोषणा भएको ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी कार्ययोजना, २०७२ को कार्यान्वयन प्रक्रिया सुस्त रहेको पाइएको छ ।

कार्ययोजनामा उल्लेख गरिएका अधिकांश बुँदाको कार्यप्रगति सुस्त गतिमा अगाडि बढेको र त्यसले लक्ष्य भेटाउन नसक्ने भएपछि सरोकार भएका निकायले चिन्ता व्यक्त गरेको छ । कार्ययोजनामा उल्लेख गरिएका कुल ९९ वटा बुँदामध्ये ६७ वटा बुँदा तीन महिनाभित्र प्रगतिको चरणमा पुग्नुपर्ने भएपनि कुनै प्रगति हुन सकेको छैन ।

व्यवस्थापिका–संसद्, कृषि तथा जलस्रोत समितिको आजको बैठकमा सरकारले घोषणा गरेको कार्ययोजनामा उल्लेख भएका कुनै पनि योजना कार्यान्वयन नभएको भन्दै त्यसबारे ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिरण र विद्युत् विकास विभागसँग जानकारी लिइएको हो । मुलुकको ऊर्जा क्षेत्रको विकासका लागि सात मन्त्रालय, २२ विभाग र ३३ वटा कानुनमा टेकेर अगाडि बढ्नुपर्दा समस्या भएको भन्दै एकल डेस्कबाट गराउने लक्ष्यसहित सङ्कटकालीन कार्ययोजना अगाडि सारिएको हो । तर सरोकार भएका मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबीच पनि समन्वय हुन सकेको छैन ।

व्यवस्थापिका–संसद्को चालु अधिवेशनमा प्रस्तुत गर्ने भनिएको ऊर्जा सङ्कट विधेयकको मस्यौदा तयार हुन सकेको छैन । सो विधेयकको सहमतिका लागि अर्थमन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय चहारिरहेको छ । विद्युत् नियमन आयोग विधेयक, विद्युत् चोरी नियन्त्रण विधेयक तथा विद्युत् ऐनको कुनै तयारी गरिएको छैन ।

ऊर्जा मन्त्रालयले समितिमा पेस गरेको कागजातलाई आधार मान्ने हो भने अधिकांश बुँदामा कार्यप्रगति भइरहेको, प्रक्रियामा रहेको, अध्ययन भइरहेको जस्ता धारणा मात्रै देख्न सकिन्छ । वर्षायाम सुरु भएपछि भेलसँगै कार्ययोजना रुमल्लिएको भन्दै समितिले सङ्कटको अवस्थामा जुन गतिका साथ काम हुनुपर्ने हो त्यो हुन नसकेको भन्दै असन्तुष्टि जनाएको छ ।

आगामी हिउँदसम्म कुल १५० मेगावाट विद्युत् थप हुने बताइए पनि हालसम्म निजी क्षेत्रकाट मात्रै ३० मेगावाट विद्युत् थप हुने देखिएको छ । यस्तै केही महिनापछि थप ५० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा थपिने देखिएको छ । आगामी हिउँदमा विद्युत्को माग बढेर एक हजार ४२५ मेगावाट विद्युत् पुग्नेछ । तर थप भएको विद्युत् प्रतिवर्ष थप हुने मागलाई सम्बोधन गर्न नसक्ने अवस्थामा रहेको छ ।

नेपाल र भारतबीच केही समय पहिले सम्पन्न ऊर्जा सचिवस्तरीय बैठकले भारतबाट थप ३०० मेगावाट विद्युत् आयात गर्ने सहमति गरे पनि ढल्केबरमा सवस्टेसन निर्माण सम्पन्न हुने वा नहुने भन्न सकिने अवस्था छैन । कुशाहा–कटैया, रक्सौल–परवानीपुर अन्तरदेशीय प्रसारण लाइनको काम आगामी पुससम्म सम्पन्न गरिने बताइए पनि हालसम्मको कार्यप्रगति उत्साहजनक देखिएको छैन ।

प्राधिकरणले सौर्य ऊर्जाका लागि प्रस्ताव गरेको आशयपत्रमा समेत कुनै उत्साह देखिएको छैन । प्राधिकरणले ६४ मेगावाट सौर्य प्रणाली जडान गर्ने लक्ष्यसहित आशयपत्र माग गरेको थियो । प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले प्राप्त भएको आशयपत्र चित्त बुझ्दो र कार्यकारी नभएको बताउनुभयो ।

सङ्कटकालीन कार्ययोजना मन्त्रिपरिषद्बाट पारित भई लागू भएको पाँच महिना सात दिन पूरा भएको छ । तर विद्युत् विधेयकलगायत धेरै कानुनी पक्षहरुबारे समेत खास प्रगति हुन सकेको छैन । समिति गठन गरिएको, केही बुँदामा आधारित भएर सामान्य मस्यौदा पनि बनाइएको छ तर अझै संसद्मा पुग्न सकेको छैन ।
अधिकांश कार्ययोजनाको विषय छलफलमा मात्रै सीमित भएको छ भने कार्ययोजना कार्यान्वयनका लागि ऊर्जा मन्त्रालय, प्राधिकरण र विभागबीच नै समन्वय हुन सकेको छैन । समितिका सभापति गगन थापाले कार्ययोजनाका आधारमा कुनै पनि क्षेत्र अगाडि बढ्न नसकेको र केवल छलफलसम्म मात्रै सीमित भएको भन्दै असन्तुष्टि जनाउनुभयो । उहाँले भन्नुभयो – "कतिपय मन्त्रालय त हालसम्म पनि कार्ययोजना नपाएको, पत्र हराएको, कसरी अगाडि बढाउने हो भन्ने बारेमा समेत अन्तरसरकारी निकायबीच नै समन्वय हुन नसकेको पाइएको छ ।"
ऊर्जा मन्त्रालयका सचिव सुमनप्रसाद शर्मा कार्ययोजना कार्यान्वयनको चरणमा रहेको भन्दै आफू उत्साहित रहेको बताउनुहुन्छ । "कतिपय बुँदाहरु कार्यान्वयनमा प्रवेश गरेका छन्, तीन महिनाभित्र हुनुपर्ने कतिपय विषय रुपमा कार्यान्वयन नभएको जस्तो देखिए पनि सारमा ती विषय अगाडि बढेका छन् । सबै कार्यान्वयनमा जान्छन्," उहाँले भन्नुभयो ।
बैठकमा समितिका सदस्य काशीनाथ अधिकारीले कार्ययोजनामा तीन महिनाभित्र सम्पन्न गर्छु भनेर प्रतिबद्धता व्यक्त गरिएका कतिपय विषय कार्यान्वयन नहुनु दुःखद रहेको भन्दै घोषणा केवल घोषणमा सीमित रहेको गुनासो गर्नुभयो । सांसद अमृतकुमार बोहोराले कार्ययोजना कार्यान्वयन गर्नेतर्फ सरकारी निकायले नै ध्यान नदिएको भन्दै छ महिना बित्न लाग्दासमेत कुनै प्रगति नहुनु गम्भीर कुरा भएको बताउनुभयो ।
समितिले राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणापत्र र कार्ययोजना–२०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानका लागि कानुनी आधार दिन ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको छ । सभापति थापाले कार्ययोजना कार्यान्वयन गर्न सहजीकरण गर्ने, समन्वय र अनुगमन गर्ने, नियमन र निर्देशन गर्ने जिम्मेवार निकायका रुपमा मन्त्रिपरिषद् रहेकाले कार्ययोजनामा उल्लेखित कार्यक्रमलाई समयसीमाभित्र काम गर्ने अवस्था सुनिश्चित गर्न र सम्बन्धित निकायले सोअनुरुप काम गरे नगरेको नियमित अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई निर्देशन दिइएको बताउनुभयो । रासस

श्रोतः राजधानी दैनिक, २०७३/४/१३

## ऊर्जा उत्पादनको बाधक परनिर्भरता

भारी वर्षका कारण मुलुकभर ठूलो संख्यामा धनजनको क्षति जारी छ । पानीका हिसाबले मात्र होइन, विद्युत् उत्पादनका हिसाबले पनि हामी विश्वमा धनीमा पर्छौं । तर, मध्य वर्षामा पनि हामी लोडसेडिङबाट भने हैरान छौं । स्रोत अभावमा होइन, उपभोग गर्न नसकेर र योजना बनाउन नसकेर हाम्रो नियति यो अवस्थामा पुगेको हो । मुलुकभित्रै आवश्यकताअनुसार विद्युत् उत्पादन हुन नसक्दा खोलाभरि पानी भएको समयमा समेत विद्युत् कटौती गर्नुपर्ने र छिमेकी मुलुकबाट आयात गरिरहनुपर्ने बाध्यतामा हामी छौं । समयमा नै विद्युत् उत्पादनसम्बन्धी आवश्यक व्यवस्था हुन नसक्दा अहिले यस्तो विकराल अवस्था सिर्जना भएको हो । यसले नीति निर्माण तहमा पुग्नेको खिल्ली त उडाएको छ नै, त्योभन्दा बढी सर्वसाधारण उपभोक्ताले दुःख पाएका छन् ।

सरकारले ६ महिनाअगावै ऊर्जा संकट निवारण तथा विद्युत्विकास दशकको घोषणा गरेको हो । तर, लक्ष्यअनुसार काम हुन नसक्दा नारामा मात्रै सीमित छ । आगामी हिउँदमा पनि जनताले घण्टौं लोडसेडिङको सामना गर्नुपर्ने निश्चित छ । मागअनुसार विद्युत् उपलब्ध गराउन नसक्दा नेपाल विद्युत् प्राधिकरणले हाल दैनिक करिब ६ घन्टा विद्युत्भार कटौती गर्दै आएको छ । साँझको समयमा दैनिक १ हजार ३ सय मेगावाट विद्युत् माग छ । दिउँसो माग घटेर सामान्य अवस्थामा पुगे पनि बिहानबेलुका भने माग अत्यधिक हुने गरेका कारण प्राधिकरणले विद्युत्भार कटौतीको समय कम गर्न सकेको छैन । हाल प्राधिकरणको भार प्रेषण केन्द्रमा भारतबाट आयात गरिएको समेत गरी कुल ७ सय ८ मेगावाट विद्युत् उपलब्ध भइरहेको छ । भारतबाट हाल २ सय ५० मेगावाट विद्युत् आयात भइरहेको छ । भूकम्पबाट ध्वस्त भएको ४५ मेगावाट क्षमताको भोटेकोसी पूर्ण रूपमा बन्द छ । आगामी पुससम्म आयोजना पुनर्निर्माण गर्ने लक्ष्य राखिएको भए पनि केही दिनपहिले आएको बाढीका कारण आयोजनाको बाँधमा सामान्य क्षति पु¥याएका कारण पछाडि धकेलिने अवस्था छ । प्राधिकरणको सुनकोसी आयोजना पूर्ण रूपमा बन्द छ । १० मेगावाट विद्युत् उत्पादन हुँदै आएको भोटेकोसी बाढीका कारण बन्द छ । प्राधिकरणकै मोदी खोला जलविद्युत् आयोजनासमेत आधा क्षमतामा मात्रै सञ्चालनमा छ । निजी प्रवद्र्धकका केही जलविद्युत् आयोजनासमेत सञ्चालनमा आउन सकेका छैनन् । भूकम्पका कारण क्षतिग्रस्त मैलुङ जलविद्युत् आयोजना सञ्चालनमा आउन सकेको छैन ।

पछिल्लो दिनमा बढेको बाढीपहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत् आयोजना पूर्ण क्षमतामा चलाउनसमेत समस्या पैदा भएको छ । प्राधिकरणले प्रक्षेपण गरेको तथ्यांकलाई नै मान्ने हो भने आगामी हिउँदमा १ हजार ४ सय २५ मेगावाट विद्युत्को माग हुनेछ । वर्षायाममा समेत पूर्ण क्षमतामा नचलेका आयोजना हिउँदमा पूर्ण क्षमतामा चल्छन् भन्ने अवस्था छैन । सरकारले भारतबाट थप ३ सय मेगावाट विद्युत् आयात गर्ने जनाएको छ । तर, ढल्केबरमा सबस्टेसनको क्षमता कम हुँदा अपेक्षित विद्युत् आयात गर्न सहज नहुने अवस्था रहने नै छ । स्रोतसाधन अभाव नभए पनि अत्यधिक परनिर्भरता नै हाम्रो

अभावको कडी हो । निर्यातको हैसियत राख्ने मुलुकमा झोलामा खोला राखेर हिँड्नेमाथि लगाम लगाउन नसक्दा यो अवस्था आएकोमा दुईमत छैन । योजनाबद्ध विकास र लाइसेन्स होल्ड गरेर विद्युत् उत्पादन प्रक्रियामा समेत नजानेको निश्चित समयपछि लाइसेन्स खारेज गर्ने कार्य तत्काल नथाले नेपालले विद्युत् संकट टार्न सक्दैन ।

श्रोतः कारोबार, २०७३/४/१३

# चार विद्युत् आयोजनालाई 'फोर्स सटडाउन' गर्न निर्देशन

*छविलाल बगाले*

लमजुङमा निर्माण सम्पन्न भई विद्युत् उत्पादन गरिरहेका ४ जलविद्युत् आयोजनालाई विद्युत् प्राधिकरणले 'फोर्स सटडाउन' गर्न निर्देशन दिएको छ । ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी 'ए' जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणका लागि प्राधिकरणले 'फोर्स सटडाउन' गर्न निर्देशन दिएको हो ।

प्राधिकरणले उत्तरी लमजुङमा विद्युत् उत्पादन गरिरहेका ४ मेगावाटको खुदी, ५ मेगावाटको सिउरी, ४.४ मेगावाटको राँधी र १ सय ८७ किलोवाटको स्यांगेलाई १३ देखि ३० गतेसम्म दैनिक साढे ११ घण्टा विद्युत् उत्पादन बन्द गर्न निर्देशन दिएको छ । नेपाल विद्युत् प्राधिकरण लमजुङ विद्युत् केन्द्रका केन्द्र प्रमुख माधव न्यौपानेका अनुसार माथिल्लो मस्र्याङ्दी 'ए' जलविद्युत् आयोजनाबाट उत्पादित हुने विद्युत् लैजाने १३२ केभी प्रसारण लाइनको निर्माणका लागि १७ दिन ४ आयोजनाबाट विद्युत् उत्पादन बन्द हुनेछ । "प्राधिकरणले बिहान ६ बजेदेखि साँझ साढे ५ बजेसम्मका लागि विद्युत् फोर्स सटडाउन गरेको हो ।" केन्द्रका केन्द्र प्रमुख न्यौपानेले भने, "४ वटै आयोजनाबाट आउने विद्युत् एउटै बाटो भएकाले प्रसारण लाइनको तार तान्न समस्या परेको हो ।"

तार तान्दा विद्युत् परिपथमा समस्या आउने भएकाले प्राधिकरणले यस्तो उपाय अपनाएको न्यौपाने बताउँछन् ।

प्राधिकरणले आयोजना पीपीए भएका बेला वार्षिक १ सय ४४ घण्टा कुनै पनि आयोजनाबाट विद्युत् उत्पादन रोकिँदा हर्जना नतिर्ने लिखित सहमति गरेको छ । तर १ सय ४४ घण्टाभन्दा बढी आयोजनाबाट विद्युत् उत्पादन रोक्नु परे प्राधिकरणले सम्बन्धित आयोजनालाई हर्जनावापतको रकम तिर्नुपर्दछ । सोही सहमति अनुरुप प्राधिकरणले आयोजनालाई 'फोर्स सटडाउन' गर्न लगाएको हो ।

प्राधिकरणले आयोजनाहरूलाई विद्युत् उत्पादन गर्न समय तोकेपछि जिल्लाका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरू मारमा पर्ने भएका छन् ।

आयोजना पीपीएका बेला सिनो र प्राधिकरणबीच भुलभुलेदेखि सिउंडीबारस्थित मध्यमस्र्याङ्दी जलविद्युत् केन्द्रसम्म प्राधिकरणले प्रसारण लाइन बनाइदिने सहमति भएको थियो । तर प्राधिकरणले समयमा प्रसारण लाइन नबनाएपछि प्रवद्र्धक कम्पनी सिनो–सगरमाथा पावर कम्पनीले आफैंले प्रसारण लाइनको निर्माण थालेको हो । कम्पनीका अनुसार अहिलेसम्म ६० प्रतिशत निर्माण कार्य सकिएको छ ।

कुल ३० करोडको लागतमा निर्माण भइरहेको भुलभुले–सिउंडीबार प्रसारण लाइन निर्माणका लागि प्राधिकरणको १० र बाँकी सिनोको लगानी रहेको भुलभुले–मस्र्याङदी १३२ केभी प्रसारणलाइन आयोजनाका आयोजना प्रमुख गणेश केसीले बताए । उनका अनुसार प्रसारण लाइनको निर्माण सम्पन्न भएपछि स्वामित्व भने प्राधिकरणको रहनेछ । चीनको बहुराष्ट्रिय कम्पनी सिनोले आयोजना चाँडै बनाएपछि प्राधिकरण हर्जना तिर्नबाट मुक्ति पाउन प्रसारण लाइन निर्माणका लागि सिनोलाई नै गुहारेको हो ।

श्रोतः गोरखापत्र, २०७३/४/१४

# ऊर्जा सङ्कट निवारण कार्ययोजनाः प्रसारण लाइन निर्माणमा सफलता प्राप्त हुँदै

नीतिगत र कानुनी सुधारलगायतका विषयमा सरकारले घोषणा गरेको राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशक सम्बन्धी अवधारणा अगाडि बढ्न नसके पनि केही महत्वपूर्ण विषयमा सुधारको सङ्केत देखा परेको छ ।

ऊर्जा मन्त्रालयले व्यवस्थापिका–संसद्, कृषि तथा जलस्रोत समितिमा पेस गरेको प्रतिवेदनमा केही महत्वपूर्ण प्रसारण लाइन निर्माणको प्रक्रियाले गति लिएको उल्लेख छ । ऊर्जा मन्त्रालयका सहसचिव चिरञ्जिवी चटौतका अनुसार खिम्ती ढल्केबर प्रसारण लाइनको निर्माण कार्यले गति लिएको छ । विगत दश वर्षदेखि जग्गा प्राप्ति, मुआब्जा वितरण र स्थानीयवासीले विभिन्न माग राख्दै अवरोध गर्दै आएका थए । पछिल्लो समय सुरक्षाकर्मी परिचालन गरेर सो आयोजनाको कार्य अगाडि बढेको छ ।

कुल २२० केभी क्षमताको सो प्रसारण लाइनको एउटा टावर निर्माण गर्न बाँकी छ भने केहीमा तार तान्न बाँकी छ । नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक कन्हैयालाल मानन्धर आगामी दसैंसम्म निर्माण कार्य सम्पन्न हुने बताउनुहुन्छ । यस्तै खिम्ती ढल्केबर प्रसारण लाइन आयोजनाका आयोजना प्रमुख श्यामकिशोर यादवले छवटा टावरको निर्माण प्रक्रिया अगाडि बढेको र तार तान्ने काम भइरहेको बताउनुभयो ।

ढल्केबरमा २२० केभी क्षमताको सव स्टेसन निर्माण कार्य जारी छ । ढल्केबरमा ठूलो क्षमताको सव स्टेसन नहुँदा भारतबाट आयात गर्न लागिएको थप विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न समस्या भएको थियो । मुजफ्फरपुर– ढल्केबर अन्तरदेशीय प्रसारण लाइनबाट हाल ८० मेगावाट विद्युत् आयात भइरहेको छ । नेपाल र भारतका ऊर्जा सचिवको केही समयपहिले सम्पन्न संयुक्त बैठकले सोही प्रसारणलाइनबाट थप विद्युत् ल्याउने सहमति भएको थियो । आगामी पुससम्म सव स्टेसन निर्माण सम्पन्न भए भारतबाट आयात हुने ३०० मेगावाट विद्युत्ले विद्युत्भार कटौती गर्न सहयोग पुग्ने छ ।

प्राधिकरणका उपकार्यकारी निर्देशक मानन्धर चिनियाँ ठेकेदारलाई तत्काल काम सुरु गर्न र तोकिएको समयमा नै सम्पन्न गर्न ताकेता गरिएको बताउनुहुन्छ । ट्रान्सफर्मरलगायतको सामान ढल्केबरमा आइपुगेको छ ।

“पुससम्म सव स्टेसन निर्माण सम्पन्न हुनेछ,” उहाँले भन्नुभयो ।

यस्तै मन्त्रालयले ऊर्जा सङ्कटलाई ध्यानमा राखेर कुशाहा– कटैया, रक्सौल–परवानीपुर प्रसारण लाइन आगामी पुससम्म सम्पन्न गर्ने गरी काम अगाडि बढेको जनाएको छ । ती प्रसारण लाइनबाट थप ५०÷५० मेगावाट विद्युत् आयात गर्ने तयारी गरिएको छ ।

नेपाल भारत ऊर्जा सचिवस्तरीय बैठकको सहमतिअनुसार न्यू बुटबल– गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणको अध्ययन अगाडि बढाइएको छ । उक्त प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन आगामी पुससम्म सम्पन्न गर्ने लक्ष्य छ । विद्युत् प्रसारण लाइन गुरुयोजना पनि तयार भएको छ । आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइनलाई अगाडि बढाउने लक्ष्यका साथ उक्त गुरुयोजना तयार पारिएको मन्त्रालयको दाबी छ ।

यस्तै जल तथा ऊर्जा आयोगले बागमती नदी बेसिन गुरुयोजना तयार गरिरहेको छ भने अन्य नदी बेसिन गुरुयोजना तर्जुमा गर्न परामर्शदाता छनोटको संक्षिप्त सूची तयार पार्ने कार्य अन्तिमचरणमा पुगेको छ । ऊर्जा सचिव सुमनप्रसाद शर्मा कार्ययोजना पूर्णरुपमा कार्यान्वयन हुनेमा आशावादी हुनुहुन्छ ।

अन्तरनिकाय समन्वयको लागि मन्त्रालयस्तरमा सहसचिवलाई जिम्मा दिइएको, राष्ट्रिय विद्युत् उत्पादन कम्पनी स्थापना गर्न सम्बन्धित निकायबाट सहमति प्राप्त भएको र मन्त्रिपरिषद्मा प्रस्ताव दर्ता गर्ने तयारी भएको, सरकारी तहमा एक इन्जिनियरिङ परामर्श कम्पनी खडा गर्न कार्यदल गठन भएको र विभिन्न कम्पनी स्थापनाका लागि चालु आवमा रु दुई अर्ब विनियोजन गरिएको शर्माले जानकारी दिनुभयो । रासस

श्रोतः कारोबार, २०७३/४/१४

# ऊर्जा कार्ययोजनाको प्रगतिप्रति सांसद्‌हरू असन्तुष्ट, अनुगमन गर्न निर्देशन

१० वर्षभित्र १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सरकारले ल्याएको ऊर्जा संकटकाल कार्ययोजनाको प्रगति अति न्यून देखिएकोमा सांसद्‌हरूले गुनासो गरेका छन् ।

राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणा पत्र र कार्ययोजनामा समय तालिकासमेत तोकेर ९९ बुँदा समेटिएकोमा हालसम्म न्यून देखिएको भन्दै उनीहरूले असन्तुष्टि पोखेका हुन् । संसद्‌को कृषि तथा जलस्रोत समितिको कार्ययोजना कार्यान्वयन सहजीकरण तथा अनुगमन समितिको बिहीबारको बैठकमा उनीहरूले कार्ययोजनामा ३ महिनाभित्र ९९ बुँदामध्ये ६० बुँदामा प्रगति हुनुपर्ने भए पनि अत्यन्त न्यून प्रगति देखिनु चिन्ताजनक भएको बताएका थिए । समितिका सभापति गगन थापाले प्रगतिको समीक्षा गदै ऊर्जा मन्त्रालय आफैंले तोकेको समयसीमाभित्र प्रगति हुन नसक्नु चिन्ताको विषय भएको बताए । ऊर्जा संकटकाल विधेयक तीन महिनाभित्र संसद्‌मा पेस गर्ने भनेकोमा हालसम्म पनि कुनै प्रगति नभएको भन्दै उनले तदारुकता साथ अघि बढ्नुपर्ने बताए ।

बैठकमा सांसद् अमृतकुमार बोहोराले ऊर्जा संकटकाल कार्ययोजना व्यावहारिक रूपमा कार्यान्वयन हुन नसकेको र लोडसेडिङ घटाउन बढी आयातमै भर परेको बताए । अर्का सभासद् काशीनाथ अधिकारीले सरकारले संकटकाल कार्ययोजना ल्याएको ५ महिना नाघिसकेको र ६ महिनाभित्र ६८ बुँदामा काम हुनुपर्ने भए पनि कम प्रगति हुनुले सन्तुष्ट हुनुपर्ने अवस्था नरहेको बताए ।

बैठकमा ऊर्जा सचिव सुमनप्रसाद शर्माले भने ऊर्जा संकटकाल कार्ययोजनाबारे स्पष्ट बजेट र कार्यक्रममा समावेस भएको उल्लेख गर्दै ३/६ महिनामा प्रगति नभएको भनेर नआत्तिन आग्रह गरे । "३/६ महिनामा प्रगति नभएको भनेर नआत्तियांै, एक वर्षमा कम्तीमा प्रगति हुन्छ ।" उनले भने, "ऊर्जा संकटकाल कार्ययोजना कार्यान्वयनका लागि कार्ययोजनामा समेटिएका अधिकांश बुँदाहरूमा मन्त्रालयले काम अघि बढाएको बताए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव केदारबहादुर अधिकारीले प्रधानमन्त्री कार्यालयले संकटकाल कार्ययोजना कार्यान्वयन गर्न सहजीकरणको भूमिका खेलिरहेको बताए । बैठकमा ऊर्जा मन्त्रालयका सहसचिवद्वय दिनेश घिमिरे र चिरञ्जीवी चटौत, विद्युत् विकास विभागका महानिर्देशक समीररत्न शाक्य र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेलगायतले कार्ययोजना कार्यान्वयनबारे जानकारी दिएका थिए । बैठकले ऊर्जा संकट विधेयक संसद्‌को चालू सत्रमै पेस गर्नुका साथै कार्ययोजनाको कानुनी, नीतिगत, प्रक्रियागत र संरचनागतलगायतका अधिकांश क्षेत्रमा सन्तोषजनक नदेखिएकाले कार्यान्वयन गर्न सहजीकरण गर्ने, समन्वय र अनुगमन गर्ने, नियमन र निर्देशन गर्ने जिम्मेवारी निकायको रूपमा मन्त्रिपरिषद् रहेकाले कार्यक्रमको समयसीमाभित्र काम गर्ने अवस्था सुनिश्चित गर्न र कामको नियमित अनुगमन गर्न निर्देशन दिने निर्णय गरेको छ ।

श्रोतः कारोबार, २०७३/४/१४

# चिनियाँ लगानी भित्र्याउन नेपाल सरकार आफैं तात्नुपर्छ

*चाङ फा पिन*

*सहायक प्रबन्ध निर्देशक*

सिनो सगरमाथा हाइड्रो पावर कम्पनी लिमिटेड

सिनो सगरमाथा हाइड्रो पावर कम्पनी लिमिटेडका सहायक प्रबन्ध निर्देशक हुन्, चाङ फा पिन । चीनको युननान प्रान्तमा जन्मिएका चाङ वरिष्ठ इन्जिनियर हुन् । उनले विभिन्न मुलुकमा जलविद्युत् आयोजनामा संलग्न भएर काम गरिसकेका छन् । सन् १९९३ मा चीनको जल सर्भेक्षण विश्वविद्यालयबाट स्नातक गरेका चाङ फा पिनले चीनमै रहँदा युननानको ता छा ओ सान हाइड्रोपावर, सुइ पा मो जलविद्युत् तथा प्रसिद्ध थ्री गर्जेज परियोजनामा काम गरे । उनी म्यानमार, मलेसिया, प्रजातान्त्रिक गणतन्त्र कंगो, जनगणतान्त्रिक कंगो, गावोन, क्यामरुन, मादगास्कर, मालीलगायतका थुप्रै देशमा आधारभूत संरचना निर्माण कार्यमा पनि संलग्न भए । सन् २०१३ जनवरीबाट उनी सिनो हाइड्रो सगरमाथा पावर कम्पनीको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना बनाउन सक्रिय छन् । नेपालको जलविद्युत् क्षेत्र, यसको विकास र सम्भावनालगायतका विषयमा सिनो सगरमाथा हाइड्रो पावर कम्पनी लिमिटेडका सहायक प्रबन्ध निर्देशक चाङ फा पिनसँग *कारोबार*कर्मी *छविलाल बगाले*ले गरेको कुराकानी :

नेपालको जलविद्युत् क्षेत्रलाई कसरी नियाल्नुभएको छ ?

वास्तवमा नेपाल जलविद्युत्को प्रचुर सम्भावना भएको मुलुक हो । यहाँ बग्ने हरेक नदी नालामा सहजै विद्युत् उत्पादन गर्न सकिन्छ । जलविद्युत् विकासको सूचक भएकाले यसलाई सदुपयोग गरी राज्यले जलविद्युत् नीति बनाएर अघि बढ्न आवश्यक छ । ऊर्जाले मुलुकको विकासमा टेवा पु¥याउने भएकाले नेपाल सरकारले कम्तीमा पनि १० वर्ष जलविद्युत्को विकासका लागि छुट्टै नीति बनाएर काम गर्न आवश्यक छ । मुलुकको पुँजीलाई परिचालन गर्नुका साथै बाह्य लगानीलाई पनि आकर्षित गरी १० वर्षमा मुलुकलाई जलविद्युत्मा आत्मनिर्भर बनाउने नीति राज्यले लिनुपर्दछ । नेपालमा भौगोलिक विकटता रहे पनि प्रविधिको प्रयोग गरी जलविद्युत्को विकास गर्न सकिन्छ । आफ्नो मुलुकमा हजारौं मेगावाट विद्युत् उत्पादनको सम्भावना हुँदाहुँदै छिमेकी मुलुकबाट बर्सेनि महँगो मूल्यमा विद्युत् खरिद गरेर यस क्षेत्रको विकास हुन सक्दैन । त्यसलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता देखिन्छ ।

नेपालको जलविद्युत् विकासमा चीनको धारणा के छ ?

हामी छिमेकी मुलुक । हामी नेपाललाई जलविद्युत् क्षेत्रमा मात्रै नभई हरेक कुरामा सहयोग गर्न चाहन्छौं । चीनले नेपालका विभिन्न खोलामा लगानी गरेर जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । हामीलाई के लाग्छ भने नेपाल विकसित होस् । हरेक कुरामा आत्मनिर्भर बनोस् । चीनले एउटा छिमेकीको नाताले हेर्दा नेपालमा जलविद्युत् आयोजनादेखि विद्युत् लैजाने प्रसारण लाइन निर्माणको काम धेरै आवश्यकताको विषय बनिसकेको छ । हामी नेपालको जलविद्युत् विकासमा सहयोग गर्न तयार छौं । हामी हरेक क्षेत्रमा लगानी गर्छौं । तर यसका लागि पहिला नेपाल सरकारले हाम्रो लगानीको सुरक्षा गरिदिनुप¥यो ।

चिनियाँ कम्पनी सिनो हाइड्रोले किन नेपालको जलविद्युत् क्षेत्रमा लगानी गरिरहेको छ ?

पहिलो कुरा त हामी नेपालमै काम गर्न चाहान्छौं । हामीले नेपाल र चीनबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यले नेपालको जलविद्युत् क्षेत्रमा हात हालेका हौं । नेपालमा सुरुवात गरेको सिनो हाइड्रोपावर कम्पनी चीनको मल्टिनेसनल कम्पनी हो । यो आयोजना सफल भयो भने नेपालमा चीनको लगानी ओइरिनेछ । जसले गर्दा दुई देशको सम्बन्ध अझै बलियो हुनेछ । चीन सरकारले नेपाललाई धेरै सहयोग गर्न चाहन्छ र त्यो एउटा कर्तव्य पनि हो । तर, नेपालमा यो वा त्यो बहानामा निर्माणाधीन जलविद्युत् आयोजनाहरू बन्द गर्ने व्यक्ति सक्रिय छन् । हामीले लमजुङको भुलभुलेमा ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी ‘ए’ बनाउँदै गर्दा धेरै हन्डर खाइसकेका छौं । जलविद्युत् आयोजनाहरुसँग स्थानीयले राख्ने माग हेर्दा प्रवद्र्धकहरू आयोजना बनाउनुभन्दा नबनाउनै ठीक रहेछ भन्दै निरुत्साहित हुने गरेको पनि मैले देखेको छु । नेपालमा जलविद्युत् आयोजनामा स्थानीयले हेर्ने दृष्टिकोण फरक छ । यसलाई परिवर्तन गर्न आवश्यक छ ।

नेपाल सरकारले कस्तो नीति अबलम्वन गरेमा चीनले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्छ त ?

चाहे चीनमा होस् वा नेपाललगायत अन्य मुलुकमा नै किन नहोस्, हामी ढुक्कले काम गर्न चाहन्छौं । बन्द, हड्ताल, नारा, जुलुस, गुण्डागर्दी र अनावश्यक माग हामीलाई मन पर्दैन । यदि बाह्य लगानी नेपालमा भित्र्याउने हो भने राज्यले पहिला प्रवद्र्धक, निर्माण कम्पनी, आयोजना र लगानीलाई सुरक्षा दिनुप¥यो ।

जसले जति बेला पनि आएर आयोजना बन्द गर्न सक्ने परिपाटी नेपालमा छ । यस्ता गतिविधिले जलविद्युत्को विकास र लगानीमैत्री वातावरण बन्न सक्दैन । त्यसैले नेपाल सरकारले सुरक्षा व्यवस्था, मुआब्जा अनि स्थानीय तहमा आयोजनाले गर्ने विकास निर्माणका कामका बारेमा कार्यविधि नै बनाउन जरुरी छ ।

नेपालमा लगानी गर्दा कस्तो अनुभूति भइरहेको छ ?

हुन त चीन सरकारले पहिलेदेखि नै नेपालमा लगानी गर्न खोजेको हो । तर ढिलै भए पनि लगानी गर्न पाउँदा हामी निकै खुसी भएका छौं । अझ नेपाल सरकारले नेपालमा विदेशी लगानी भित्र्याउनका लागि सुरक्षाको व्यवस्था र लगानीमैत्री वातावरणको सिर्जना गरिदिनुपर्छ । हामीले अहिले गरेको यो लगानी नेपालकै हितका लागि हो । तर हामी केही कुरामा दुःखी पनि छौं । नेपालमा गएको विनाशकारी भूकम्प अनि लामो समयसम्मको भारतीय नाकाबन्दीले हामीले नेपालमा काम गरिरहेका आयोजना बन्द पनि भए । निर्माण कार्य भइरहेका आयोजनामा निर्माण सामग्रीसँगै इन्धनको पनि अभाव भयो । जसले गर्दा माथिल्लो मस्र्याङ्दी ‘ए’ निर्माणमा हामी ६ महिना ढिला भयौं । तैपनि हामी आगामी भदौको अन्तिम सातासम्म विद्युत् बाल्ने तयारीमा लागेका छौं ।

भूकम्प र नाकाबन्दीले आयोजना निर्माणमा कस्ता समस्या देखिए ?

हाम्रो आयोजनाभन्दा पनि भूकप्प र नाकाबन्दीले नेपाली जनताले धेरै दुःख पाए । हामी धेरै दुःखी छौं । भूकम्पका कारण आयोजनामा काम गर्ने मजदुरको अभाव भयो भने चीनबाट आएका केही महत्वपूर्ण उपकरण चीन र नेपालको सिमानामा आएर लामो समय थन्किए । ती सामग्री हामीले कोलकाता अनि भारत हुँदै नेपाल ल्याउने क्रममा लामो समयसम्मको नाकाबन्दीले रोकिदियो । जसकारण हामी आयोजना निर्माणमा केही ढिला भयौं भने लगानीलाई पनि केही बढाएको छ ।

अर्को कुरा नेपालमा भूकम्प गएपछि रातदिन आयोजना निर्माणमा जुटेका थियौं । कसरी आयोजनालाई निर्धारित समयमा सम्पन्न गर्ने भन्ने हाम्रो एउटै मात्र लक्ष्य थियो । नेपालमा भूकम्पले हल्लाइरहेका बेलामा पनि चीनले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गरेको छ । यसले के देखाउँछ भने चीन नेपालमा लगानी गर्न इच्छुक छ ।

तपाईंहरूले नेपालमा लगानीमैत्री वातावरण बनेको पाउनुभयो ?

चीनमा जस्तो त नेपालमा छैन । किनभने चीनमा बन्द, हडताल जस्ता गतिविधि कहिल्यै हुँदैनन् । तर, नेपालमा सामान्य विषयलाई लिएर आयोजना बन्द गर्ने, आयोजनाका सामान तोडफोड गरिदिने, सामानहरू चोरी गर्ने, धम्क्याउनेजस्ता कार्य धेरै हुने गर्दछन् । हामी चाहन्छौं कि सबै नेपाली एकजुट भएर काम गरी देशको विकास गरून्, अन्यथा विकासको परिकल्पनासमेत गर्न सकिन्न । माथिल्लो मस्र्याङ्दी ‘ए’ जलविद्युत् आयोजना नेपालका लागि चीनको पहिलो लगानी हो । यही आयोजनाबाट भविष्यमा नेपालमा लगानी गर्ने कि नगर्ने भन्ने मूल्यांकन हुनेछ । ५० मेगावाट क्षमताको सिनो हाइड्रो सगरमाथा जलविद्युत् आयोजना बन्द, हड्तालजस्ता गतिविधिबाट पनि समयमा सकिने भएको छ । चीन यही आयोजनाको परीक्षणमा थियो, अब यो पूरा हुने भएको छ । अब नेपालमा चीनको लगानी धेरै आउने छ ।

नेपालमा चीनले कस्ता क्षेत्रमा लगानी गर्छ त ?

पहिलो कुरा त जलविद्युत् आयोजनाको निर्माण नै हो । त्यसपछि विद्युतीय प्रसारण लाइन, सुरुङ मार्ग, सडक, रेलमार्ग, आवासलगायतका क्षेत्रमा लगानी गर्नसक्छ । म पटक–पटक के दोहो¥याउन चाहन्छु भने नेपालमा लगानीमैत्री वातावरणको खाँचो छ । यसका लागि राज्यले कम्तीमा सुरक्षा दिनुपर्छ । चीनमा प्रशस्त पैसा छ । अहिले चीन विदेशमा लगानी गर्नका लागि उपयुक्त मुलुक खोजिरहेको छ । चीन सरकार र चीनको निजी क्षेत्र पनि लगानीका लागि गन्तव्य खोज्दै हिँडिरहेको छ । अहिले चीनको ३० प्रतिशत लगानी अफ्रिकामा रहेको छ । त्यसका अलवा म्यानमार, बंगलादेश, श्रीलंकामा पनि चीनले लगानी बढाइरहेको छ । छिमेकी मुलुक भए पनि नेपालमा चिनियाँ लगानी नगन्य मात्रामा भित्रिरहेको छ । अन्य मुलुकमा भइरहेको चिनियाँ लगानीको तुलनामा नेपालमा आइरहेको लगानी नगन्य सरह छ । नेपालमा लगानीका लागि प्रशस्त सम्भावना छन् । तर चिनियाँ लगानी भित्र्याउन सरकार नै तात्नुपर्छ ।

नेपालमा कुन–कुन आयोजना चीनको लगानीमा बन्दै गरेका छन् त ?

नेपालमा चीनले लगानी गरेको पहिलो आयोजना नै लमजुङको भुलभुलेस्थित ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी ‘ए’ हो । यो आयोजना २० वर्ष अघिदेखि नै पहिचान भए पनि अन्ततः निर्माण र लगानी गर्ने जिम्मा भने चीनले नै पाएको थियो । यो सँगसँगै चीनले तामाकोसी, कुलेखानी तेस्रोमा पनि सिभिल कन्ट्र्याक्टरको रूपमा रहेर काम गर्दै आएको छ । र, भूकम्पपछि पनि चीनले जलविद्युत्मा लगानी गर्न लागेको छ ।

बहुराष्ट्रिय कम्पनी सिनोले द्रुत गतिमा ५० मेगावाटको माथिल्लो मस्र्याङ्दी ‘ए’ बनायो । जिल्लाभित्र र बाहिरका प्रवद्र्धकहरूले हाम्रो आयोजना पनि बनाइदिनुप¥यो त भनेका छैनन् ?

छन् । हाम्रो कामको गति देखेर नै होला लमजुङका २/३ वटा जलविद्युत् आयोजनाले हामीलाई प्रस्ताव राखेका छन् । र, हामी गर्न पनि सक्छौं । हामीसँग दक्ष जनशक्ति र प्रविधि छ । आएका प्रस्तावलाई हामी स्वीकार गर्छौं । तर, हामीलाई ढुक्कले काम गर्न दिनुप¥यो । हामीसँग सबै कुुरा यहीँ भएकाले अब बन्ने आयोजना खासै महँगो पनि हुँदैन ।

नेपालका कतिपय आयोजना मजदुरकै कारण बन्द हुने गरेका छन् । तपाईंको अनुभवका आधारमा भन्दा किन यस्तो भएको होला ?

पहिलो कुरा त विभिन्न बन्द, हडताल र आन्दोलन नेपालका लागि राम्रो होइन । जुनकुनै विषय पनि वार्ता र सहकार्यका माध्यमबाट समाधान गर्न सकिन्छ । विश्वमा कुनै कुरा पनि असम्भव छैन । त्यसैले मजदुर र आयोजना पक्षबीच आपसी मेलमिलाप, सहकार्य, वार्ता हुनु जरुरी छ । अर्को कुरा नेपालमा राजनीतिक अस्थिरता छ, जसले गर्दा सरकार दह्रो हुन सकेको छैन । केन्द्र र जिल्लामा सहमति हुन्छ तर त्यो स्थानीय स्तरसम्म

आइपुग्दैन । सहमतिबारे मजदुरलाई कुनै कुरा पनि थाहा हुँदैन । त्यसैले उनीहरू अरुको उक्साहटमा आयोजनामा बन्द, हडतालजस्ता कार्य गर्ने गर्दछन् । हामी नेपालमा चीनजस्तै लगानीमैत्री वातावरण भएको हेर्न चाहन्छौं र सहयोग पनि गर्छौं । तर, त्यसका लागि नेपाल सरकार, स्थानीय प्रशासन, राजनीतिक दल र स्थानीय बासिन्दा सबैले हामीलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ ।

५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी 'ए' चाहिँ कहिले सकिएला ?

आयोजना अब लगभग सकियो भन्दा पनि हुन्छ । प्रसारण लाइन निर्माणको काम सकिए लगत्तै त्यसको १५/२० दिनमा हामी आयोजनाको टेस्ट गर्छौं । अहिले झन्डै २० किलोमिटरको दूरीमा प्रसारण लाइनको निर्माण कार्य भइरहेको े छ । हामी भदौको अन्त्यतिर बत्ती बाल्छौं । ३० वर्षसम्म आयोजना निर्माण कम्पनी सिनो सगरमाथाले लिने र त्यसपछि नेपाल सरकारलाई हस्तान्तरण गर्नेछौं ।

अहिले नेपालमा प्रसारण लाइनको समस्या छ । नेपाल विद्युत् प्राधिकरणले निजी क्षेत्रलाई निर्माणको जिम्मा दिने कुरा पनि गरेको छ । के निजी क्षेत्र त्यसमा लगानी गर्न तयार छ ?

नेपालको जलविद्युत् क्षेत्र निकै नै उर्वर छ । तर, सरकारले प्रसारण लाइनको निर्माणमा चासो नदेखाउँदा धेरैजसो लगानीकर्ता समस्यामा परेका छन् । प्रसारण लाइन निर्माणमा भएको ढिलाइले निर्माणाधीन र निर्माणको तयारीमा रहेका दर्जनौं जलविद्युत् आयोजनाका प्रवद्र्धक निरुत्साहित हुने गरेका छन् । प्रसारण लाइन बनाउने क्षमता सरकारसँग छैन भने देश विदेशका निजी क्षेत्रलाई दिनुपर्दछ । नेपालको प्रसारण लाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई नै दिनुपर्छ जस्तो लाग्छ ।

नेपाल सरकारले प्रसारण लाइन निर्माणको जिम्मा चीनलाई दियो भने यो समस्या हल हुन्छ त ?

नेपालको प्रसारण लाइन हामी बनाउँछौ । चीन सरकार नेपालमा लगानी बढाउन चाहन्छ । तर, नेपाल सरकारले सुरक्षा र लगानीको ग्यारेन्टी गराउनुपर्दछ । हामीले एक महिनामा २० किलोमिटर लामो प्रसारण लाइन बनायौं । खासै गाह्रो काम नै छैन । प्राधिकरणले मुआब्जादेखि स्थानीय तहमा आउने सबै समस्या हल गरिदिए हामी तोकिएकै समयमा नेपालमा प्रसारण लाइनको निर्माण गरी सरकारलाई बुझाइदिनेछौं ।

नेपालभित्र लगानी गर्ने ठाउँ खोज्दै चीन

छिमेकी देश चीन विश्वकै दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुक हो । चीनसँग प्रविधिको कुनै कमी छैन । आज भारतले विदेशी लगानी खोजिरहेको छ । भारतीय अर्थतन्त्र वैदेशिक लगानीमा धेरै निर्भर रहेको पनि छ । तर चीनमा भारतको ठीक उल्टो छ । चीनमा प्रशस्त मात्रामा पैसा र प्रविधि छ । अहिले चीन विदेशका विभिन्न मुलुकमा लगानी गर्नका लागि उपयुक्त वातावरणको खोजीमा छ । चीन सरकार र चीनका निजी क्षेत्र लगानीका लागि गन्तव्य खोज्दै हिँडिरहेका छन् । नेपाल सरकारले पनि यस्ता मुलुकलाई नेपालमा लगानी गर्नुपर्ने स्थानको वास्तविक पहिचान गरी लगानी ल्याउने भनेर पहिला स्पष्ट खाका तयार पारी लगानी आकर्षित गर्नुपर्छ । अहिले चीनको ३० प्रतिशत लगानी अफ्रिकामा छ । यसका साथै श्रीलंका, बंगलादेश, म्यानमारमा पनि चीनले आफ्नो लगानी बढाइरहेको छ । तर, छिमेकी देश भए पनि नेपालमा चिनियाँ लगानी नगन्य मात्रामा भित्रिरहेको छ । अन्य मुलुकमा भइरहेको चिनियाँ लगानीको तुलनामा नेपाल आइरहेको लगानी नगन्य सरह छ । राज्यले स्पष्ट योजना तयार गरी लगानी गर्ने क्षेत्र खुलाउनुपर्छ ।

नेपाल जस्तो मुलुकमा लगानीका लागि प्रशस्तै सम्भावना छन् । चिनियाँ लगानी भित्र्याउनका लागि नेपाल सरकार आफैं तात्नुपर्ने बेला आएको छ । चीनमा जतिसुकै प्राइभेटाइज भने पनि अधिकांश ठूला अनि मेगा कम्पनी सरकारकै पकडमा छन् । पछिल्लो समय विदेशमा पनि चीन सरकार आफैं लगानी गर्न अग्रसर भएको पाइन्छ ।

चीन सरकारको सहुलियत तथा अनुदान सहयोगमा नेपालमा पनि धेरै परियोजना बनिरहेका छन् । तर हामी बढी भारत केन्द्रित भएका कारण चीनबाट हुने सहयोग र चीनबाट भित्र्याउने लगानीमा खासै वास्ता नराख्दा मुलुकको विकासमा बाधा उत्पन्न भएको छ ।

छिमेकी मुलुक चीनबाट कुन–कुन परियोजनामा लगानी ल्याउने भनेर पहिला नेपाल सरकार स्पष्ट हुन आवश्यक छ । परियोजना पहिचान गरेपछि लगानीका लागि आह्वान गर्न सजिलो पनि हुन्छ । तर, हामीले अहिलेसम्म परियोजना नै एकिन गर्न सकेका छैनौं । यो मुलुकका लागि दुर्भाग्यको कुरा हो । हरेक सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीसम्म माग्नका लागि विदेश पुग्छन् तर के माग्ने भन्ने यथार्थ कार्यक्रमको निक्र्यौल नहुँदा मुलुक पछाडि परिरहेको छ ।

चीन नेपालका विभिन्न क्षेत्रमा लगानी गर्न तयार छ । उसले नेपालका कस्ता कस्ता क्षेत्रमा लगानी गर्ने भन्दै त्यसको वातावरण खोजिरहेको छ । यस्तो बेलामा हामीले आवश्यक वातावरण तयार गरिदिन सक्ने हो भने चिनियाँ लगानी भित्र्याउने ठूलो सम्भावना छ । राज्यले यसतर्फ ध्यान खिच्ने हो भने अफ्रिकी मुलुकमा मात्रै केन्द्रित चिनियाँ लगानी नेपालमा पनि भित्रिने स्पष्ट छ ।

सरकारले माग्न जानेभन्दा पहिलो लगानीकर्तालाई हामीबाट यस्ता सुविधा दिने भनेर प्याकेज बनाएर लैजान सके यसले मुलुकमा लगानीमैत्री वातावरणको सिर्जना हुने र मुलुक आर्थिक विकासमा फड्को मार्ने थियो । मुलुकमा ऊर्जा समस्या जल्दोबल्दो विषयको रूपमा अघि बढिरहेको छ । राज्यलाई सबैभन्दा बढी लगानी जलविद्युत् परियोजनामा खाँचो परेको छ । चीन सरकार र त्यहाँका लगानीकर्तालाई नेपालले ठूला जलाशययुक्त परियोजनामा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ । यसतर्फ हामीले ध्यान दिन सकिराखेका छैनौं ।

१० वर्षमा १० हजार मेगावाटको लक्ष्यलाई सहयोग

चीनको बहुराष्ट्रिय कम्पनी सिनोले लमजुङमा १० वर्षमा १ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यलाई सहयोग पु¥याएको छ । जिल्लास्थित राजनीतिक दल, उद्योगी व्यवसायी, स्थानीयवासी, प्रशासन, जिल्ला विकास समितिलगायतले आगामी १० वर्षमा १ हजार मेगावाट विद्युत् उत्पादन गरी लमजुङलाई जलविद्युत्को नमुना जिल्ला बनाउने लक्ष्यलाई सिनोले पनि साथ दिएको हो ।

जिल्लाका राजनीतिक दलका नेतृत्वले लगानीमैत्री वातावरण बनाउन बन्द हडताल नगर्ने लिखित प्रतिबद्धतासमेत जनाइसकेका छन् । सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइरहेका बेला लमजुङले पनि १ हजार मेगावाटको महत्वाकांक्षी लक्ष्य लिएको छ ।

यही लक्ष्यलाई पूरा गर्नका लागि भुलभुलेमा निर्माणाधीन ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी ‘ए’ जलविद्युत् आयोजनाले पनि सहयोग गरेको छ । आगामी भदौको अन्त्यमा विद्युत् उत्पादनको लक्ष्य लिएको प्रवद्र्धक कम्पनी सिनोले निर्माण थालेको झन्डै साढे २ वर्षमा आयोजना निर्माणको कार्य सम्पन्न गर्न लागेको हो ।

जिल्लाको मस्र्याङ्दी करिडोरमा निर्माणाधीन ५० मेगावाटको सिनो, ङयादीमा ३० मेगावाटको न्यादी आयोजना निर्माणाधीन छन् । दोर्दी करिडोरमा ४९.६ मेगावाटको सुपरदोर्दी ‘ख’, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको माथिल्लो दोर्दी ‘ए’ निर्माणाधीन अवस्थामा छन् । यस्तै मिदिम करिडोरमा ३ मेगावाटको मिदिम करापु निर्माणाधीन छ । यी सबै आयोजना आगामी ३ वर्षभित्रै निर्माण सम्पन्न भई राज्य र जिल्लाले लिएको लक्ष्यलाई पूरा गर्नेछन् । जिल्लामा अहिले निर्माणाधीन अवस्थाका जलविद्युत्मा मात्रै ३८ अर्ब २३ करोड ३५ लाख रुपैयाँ लगानी भइरहेको छ ।

सरकारले बर्सेनि लोडसेडिङ एक वर्षभित्रै अन्त्य गरिने भनिरहँदा यहाँका आयोजना पनि द्रुत गतिमा अघि बढिरहेका छन् । निर्धारित समयमै निर्माण सम्पन्न भए सरकारको लक्ष्य भेट्टाउन यहाँका निर्माणाधीन आयोजनाले विशेष भूमिका निभाउनेछन् ।